का.जि.प्र.का.द.नं. १००/०५९/६०

१९ असार २०८२,
बिहीबार
3 July, 2025
Thursday
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १५१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## कुलिङ पिरियड विवाद
# सिंहदरबारमा रोइलो



ऐनमै कुलिङ पिरियडको व्यवस्था गर्न सर्वसम्मतिले निर्णय गरेका थियौं । तर, संसदमा जाँदा कसरी थपघट भयो यो गम्भीर अपराध नै हो । यसमा छानबिन जरुरी छ

■ **हृदयराम थानी**
**सदस्य, राज्य व्यवस्था तथा सुशासन समिति**



**जीवन शर्मा/मध्याह्न**
काठमाडौं, १८ असार ।

संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवा सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको संघीय निजामति विधेयकमा राखिएको २ वर्षे कुलिङ पिरियडमाथिको बदमासीका विषयमा सिंहदरबारमा राइलो चलेको छ ।

प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले संसदमा पेश गरेको उक्त विधेयकमा कुलिङ पिरियडको व्यवस्था नराख्न उच्च तहकै चलखेल भएको भएपछि विवाद सहतमा आएको छ । यो विषय सार्वजनिक भएपछि सिंहदरबारमा हलचल भएको छ ।

बुधबार राज्य व्यवस्था तथा सुशासन समितिको बसेको बैठकमा समितिका सभापति, सांसद र कर्मचारीबीच चर्काचर्की नै भयो । बैठकले समितिकै सचिवालय र मन्त्रालयका प्रतिनिधिहरूले विधेयकमा बदमासी गरेको निष्कर्ष निकालेको छ । समितिमा छलफल गर्दा भएको सहमति विपरीत गएर मुख्यसचिव एकनारायण अर्याल र संसद सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेको दबाबमा समिति सचिवालयले बदमासी गरेको पाइएको हो । संसद्लाई नै गुमराहमा राख्ने गरी विधेयकमा चलखेल गरेर कर्मचारीलाई अवकास लगतै राजनीतिक नियुक्तिकालागि बाटो खोल्न सक्ने व्यवस्था गरिएको यो प्रकरणलाई संसदीय इतिहासमा भएको ठूलो अपराधका रूपमा लिइएको नेपाली कांग्रेसका सांसद एवं राज्य व्यवस्था तथा सुशासन समितिका सदस्य हृदयराम थानी बताउँछन् ।

'हामीले ऐनमै कुलिङ पिरियडको व्यवस्था गर्न सर्वसम्मतिले निर्णय गरेका थियौं । तर, संसदमा »» पृष्ठ २ मा

## संवैधानिक नियुक्तिसम्बन्धी रिट खारेज
# ५२ जनाको पद जोगियो



**दिवाकर अधिकारी/मध्याह्न**
काठमाडौं, १८ असार ।

साढे ४ वर्षअघि संवैधानिक परिषद् ऐन अध्यादेशमार्फत् संशोधन गरी संवैधानिक नियुक्ति गरिएको विषयमा दायर रिटलाई सर्वोच्च अदालतले खारेज गरेको छ । बुधबार मध्यरातमा संवैधानिक निकायका पदाधिकारी नियुक्तिविरुद्धको रिटमा फैसला सुनाउँदै सर्वोच्चले रिट खारेज गरेको हो । संवैधानिक इजलासका न्यायाधीशहरूबीच मत बाझिएको छ ।

न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार चुडाल र मनोज शर्माले रिट खारेजको फैसला गरेका छन् भने प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत र नहकुल सुवेदीले रिट जारी गरेका छन् ।

रिट खारेज भएसँगै ५२ पदाधिकारीहरूको पद जोगिएको छ । प्रधानन्यायाधीश राउत र न्यायाधीश सुवेदीले पहिलो चरणको नियुक्ति बदर गरी दोस्रो चरणको सदर गर्नुपर्ने राय प्रस्तुत गरेका थिए । बाँकी न्यायाधीशहरू मल्ल, शर्मा र चुडालले दुवै चरणका नियुक्ति बदर हुनुपर्ने राय दिएकाले यही रायले फैसलाको मान्यता पाएको छ । तत्कालीन केपी ओली नेतृत्वको सरकारले २१ माघ २०७७ र १० असार २०७८ मा अध्यादेशमार्फत् संवैधानिक अंगहरूमा ५२ जना पदाधिकारीहरू नियुक्त गरेका थिए ।

संवैधानिक नियुक्तिविरुद्धको रिटमाथि १ जेठमा सुनुवाइ सकेर २८ जेठमा फैसलाको मिति तोकिएको थियो । तर इजलासले उक्त दिन निर्णय गर्न नसकेपछि १८ असारका लागि निर्णय सुनाउने मिति सारिएको थियो । विवादित ५२ पदाधिकारीमध्ये अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईसहित ३२ जना २१ माघ २०७७ माघमा र लोकसेवा आयोगका अध्यक्ष माधव रेग्मीसहित २० जना १० असार २०७८मा नियुक्त »» पृष्ठ २ मा

# असारे विकासका लागि रकमान्तर



आर्थिक वर्षको अन्त्यमा हुने रकमान्तरले अनियमितता ल्याउँछ



■ **डा. चन्द्रमणि अधिकारी**
**अर्थविद्**

**छवि सापकोटा/मध्याह्न**
काठमाडौं, १८ असार ।

आर्थिक वर्षको अन्त्यमा मनपरी रूपमा पुँजीगत बजेटको रकमान्तर भइरहेको छ ।

चालु आर्थिक वर्षको चैतमा २ अर्ब १० करोड रुपैयाँ रकमान्तर गरेर खर्च गरियो भने बैशाखमा दोब्बरभन्दा धेरै ४ अर्ब ५० करोड रुपैयाँ रकमान्तर भएको छ ।

बजेट ल्याउँदा विभिन्न शीर्षकमा विनियोजन गर्ने तर आर्थिक वर्षको अन्त्यमा विनियोजन बजेट खर्च नगरेर मनलाग्दी रूपमा विभिन्न पुँजीगत बजेट खर्च भइरहेको छ । अर्थमन्त्रालयको तथ्याङ अनुसार बैशाखमा ४ अर्ब ५० करोड ८५ लाख ८३ हजार रुपैयाँ बराबरको पुँजीगत बजेट रकमान्तर भएको छ ।

आर्थिक वर्षको अन्त्यमा बजेट खर्च भएको देखाउन पनि हतार-हतार बजेट रकमान्तर गरेर खर्च गर्ने गरिएको छ । एक आयोजनामा राखिएको बजेट खर्च नभएपछि अर्थले विभिन्न मन्त्रालयको ४३ परियोजनाको रकम अन्य »» पृष्ठ २ मा

## संस्कृत विश्वविद्यालयमा उपकुलपतिको मनमोजी
# शिक्षक–कर्मचारीको तलब ६ महिनादेखि रोक्का

**जानकी पाठक/मध्याह्न**
काठमाडौं, १८ असार ।

दाङस्थित नेपाल संस्कृत विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूको तलब विगत ६ महिनादेखि रोक्का गरिएको छ ।

सरकारले तलब निकासा गरेपनि उपकुलपति र रजिष्ट्रारले रोक्का गरेको विश्वविद्यालयका कर्मचारी तथा शिक्षकहरूको गुनासो छ ।

'हामीले गत माघदेखि तलब पाएका छैनौं', एक शिक्षकले भने 'पदाधिकारीबीच आन्तरिक विवादका नाममा शिक्षक र कर्मचारीहरूको तलब रोक्का भएको हो ।'

केही महिनादेखि विश्वविद्यलयमा ताला लागेपनि २३ जेठमा ताला खुलेको र ताला खुलेको एक हप्ताभित्रै तलव उपलब्ध गराउँने भनिएपनि हाल सम्म उपकुलपति र कुलसचिव (रजिष्टार)ले रोकेर बसेका छन् ।'

विश्वविद्यालयमा अनियमितता रोकी दोषीलाई कारबाही गर्नुपर्ने, केन्द्रीय आयुर्वेद विद्यापीठमा अस्पताल निर्माण गर्नुपर्ने, केन्द्रीय आयुर्वेद विद्यापीठ र बीपी संस्कृत विद्यापीठ सोलुखुम्बुमा छात्रावास निर्माण गर्नुपर्नेलगायतका माग राख्दै माओवादीनिकट अनेरास्ववियु क्रान्तिकारीले गत १२ पुसमा केन्द्रीय कार्यालयको मूल गेटमा ताला लगाएको थियो । त्यसपछि फागुनदेखि अनुसन्धान केन्द्रको कार्यालयमा पनि तालाबन्दी गरिएको छ ।

सरकारले तलब निकासा निरन्तर गरेपनि शिक्षक र कर्मचारीले नपाउनुको पछाडि विश्वविद्यालयका पदाधिकारीहरूको लापरबाही रहेको उनीहरूको दाबी छ । ६ महिनासम्म तलब नपाउँदा कर्मचारी प्राध्यापकको आश्रित परिवारमा असर परेको छ । लामो समयसम्म तलव नपाउँदासमेत प्रध्यापक तथा कर्मचारीहरूको आवाज सुनुवाई हुन छाडेको उनीहरूको गुनासो छ ।

विगत ६ महिनादेखि तालाबन्दीले थला परेको विश्वविद्यालयमा पदाधिकारीले तलब नखुवाएर थप आतंक सृजना भएको छ । तत्काल तलब पनि नखुवाए आन्दोलन गर्ने कर्मचारीहरूले चेतावनी »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष
# 'ठगी, बिचौलिया र सिन्डिकेट नियन्त्रण सरकारको मुख्य प्राथमिकता'

**मध्याह्न संवाददाता**
काठमाडौं, १८ असार ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगार क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन सरकार गम्भीर रहेको बताएका छन् ।

राष्ट्रिय सभाको बुधबारको बैठकमा विनियोजन विधेयकअन्तर्गत श्रम मन्त्रालयसँग सम्बन्धित विषयमा उठेका प्रश्नहरूको जवाफ दिँदै श्रममन्त्री भण्डारीले वैदेशिक रोजगारीका नाममा हुने ठगी, बिचौलिया र सिन्डिकेट नियन्त्रणका लागि पनि सरकारले कडा कदम चालेको उल्लेख गरे । उनले श्रम तथा रोजगार क्षेत्रमा डिजिटल प्रविधिको प्रयोगलाई मन्त्रालयले विशेष प्राथमिकता दिएको पनि बताए ।

हालै 'श्रम संसार' एप सार्वजनिक भइसकेको भन्दै मन्त्री भण्डारीले उक्त एपलाई वैदेशिक रोजगारीमा रहेका नेपालीको उद्धारमा सहज हुने गरी विस्तार गरिएको जानकारी दिए ।

वैदेशिक रोजगारीबाट फर्किएका नेपालीको सीप, पुँजी र ज्ञानलाई देशको उत्पादन तथा उत्पादकत्व वृद्धिमा प्रयोग गर्नेगरी पुन:एकीकरण कार्यक्रम र सुरक्षित आप्रवासन कार्यक्रमलाई प्राथमिकतामा राखिएको बताउँदै मन्त्री भण्डारीले आगामी वर्षदेखि सबै स्थानीय तहबाट सामाजिक तथा आर्थिक पुन:एकीकरण कार्यक्रम सञ्चालन गरिने उल्लेख गरे ।

मन्त्री भण्डारीले आन्तरिक रोजगारी सिर्जना गर्ने विषयलाई अभियानका रूपमा सञ्चालन गरिने पनि बताए । स्वदेशमा रोजगारी सिर्जना »» पृष्ठ २ मा

## मलेसियामा आईएससँग सम्बन्धित ३६ जना बंगलादेशी कामदार पक्राउ

**तिलोचन गौतम/मध्याह्न**
क्वालालम्पुर, मलेसिया, १८ असार ।

वैदेशिकरोजगारीमा मलेसियामा कार्यरत बंगलादेशका ३६ जना कामदार इस्लामिक स्टेट (आईएस)सँग सम्बन्धित रहेको पाइएपछि मलेसियामा नयाँ तरंग पैदा भएको छ । उनीहरू बंगलादेशको वर्तमान सरकारलाई उल्ट्याउन कोष संकलनको »» पृष्ठ २ मा


# MAURITIUS मा वैदेशिक रोजगारीको अवसर

कम्पनी: AMRITA STEELS LTD | शहर: MAURITIUS
पूर्व स्वीकृत मिति: २०८२/०३/१७ | चलानी नं.: ६०२४०४९८ | L.T. No.:326152

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | MUR | ने. रू. | | | | | | | |
| 1. | Aluminum Workers | 2 | 0 | सम्बन्धित काममा दक्ष | 22000 | ६७,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Asst (Carpenter, Mason, Steel Fixer) | 60 | 0 | | 22000 | ६७,३२० | | | | | | | |
| 3. | Civil Engr. | 5 | 0 | | 40000 | १२२,४०० | | | | | | | |
| 4. | Heavy Truck Driver | 3 | 0 | | 22000 | ६७,३२० | | | | | | | |
| 5. | Mason, Painter, Plumber | 11 | 0 | | 22000 | ६७,३२० | | | | | | | |
| 6. | Mechanic-diesel | 2 | 0 | | 22000 | ६७,३२० | | | | | | | |
| 7. | Project Manager | 1 | 0 | | 40000 | १२२,४०० | | | | | | | |
| 8. | Storekeeper | 2 | 0 | | 22000 | ६७,३२० | | | | | | | |
| 9. | Tile Mason | 5 | 0 | | 22000 | ६७,३२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २६ गते (10 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १९,९०० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.** श्रम इजाजत नं. ५७३/०६२/०६३
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
मोबाईल : ९८०१०३०५५५ फोन नं. ४९५३३२१, ४९५४९७१, ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np



# कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

★ *Receptionist- 2 (Female)*
• 2 Years Experience In Related Fields.
Salary Negotiable

SEND YOUR CV: admin@bridgeskyint.com.np, www.bridgeskyint.com.np

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.** श्रम इजाजत नं. ५७३/०६२/०६३
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
Email: info@bridgeskyint.com.np, मोबाईल : ९८०१०३०५५५
फोन नं. ४९५३३२१, ४९५४९७१, ४९५६३६१, फ्याक्स: ४४६५३९५



# प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालको सूचना

प्रगतिशील वैदेशिक रोजगार व्यावसायी मञ्च नेपालको २०८२ साउन २ गते हुने साधारण सभासहितको निर्वाचनमा भाग लिन असार १८ गतेभित्र भनिएकोमा सो म्याद ७ दिन थप्ने निर्णय भएकाले असार २५ गतेभित्र यस मञ्चको कार्यालयमा आइपुग्ने गरी यस मञ्चसँग आबद्ध सम्पूर्ण संस्थाका सदस्यज्यूहरूलाई देहायमा उल्लेखित कागजातसहित प्रतिनिधि पठाइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**आवश्यक कागजात**
१) प्रतिनिधि पठाएको निवेदन
२) इजाजतपत्र र शेयर लागत
३) प्रतिनिधिको नागरिकता र २ प्रति पासपोर्ट साइज फोटो
४) तोकिएको लेबी

**सम्पर्क व्यक्तिहरु:**
डिकबहादुर खत्री 'कुमार' ९८५१०६३९३१
बैकुण्ठ पौडेल 'बैवभ' ९८५१०७८५२४
सरिता घले ९८४१३७८६०४
देउमान नेम्वाङ्ग (डी एम सुब्बा) ९८४११३५५३५
राजेन्द्र बस्नेत ९८५१०३८०६५
डण्डपाणि भट्टराई (दीलिप) ९८५१००९९४६
मदन पौडेल ९८५१००१२०७
मुक्तिनाथ अधिकारी ९८५१०३१६५६
सञ्जु गुरुङ ९८५१०९३३०७
राजेन्द्र भण्डारी ९८५१००८१५७
श्यामचन्द्र खतिवडा ९८०१०५५७२१
रोहन पौडेल ९८५११९७७३२
छत्रबहादुर बस्नेत ९८४१७८११५५
दलवीर भण्डारी ९८५११८०१८२
मिलन कट्टेल ९८५१०२१७५६
राजेन्द्र अधिकारी ९८५१२२८९४६
धनमाया सिञ्जाली ९८५१०९३८७८
सोम तामाङ ९८५१००७९८८
नरेश गेलाल ९८०१०३९४८७
शिवहरि मैनाली (शितल) ९८५१००३८२१
राधा सिग्देल (किरण) ९८५१०४२९८४
दीपक आचार्य ९८५११४४१८५
कार्यालय सचिव सन्तोष रावल ९८४७५९५३५१

साथै यस मञ्चको कार्यालय सिनामंगल गौशालाबाट सुकेधारामा सरेको पनि जानकारी गराउँदछौं ।

**जनक रावल**
अध्यक्ष

**प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल**
सुकेधारा काठमाडौं

# देशको आवश्यकताअनुसार ठूला दल मिल्यौं : गृहमन्त्री



**बैतडी/मस-** गृहमन्त्री रमेश लेखकले देशको आवश्यकताअनुसार दुई ठूला दल मिलेको स्पष्ट पारेका छन् । बैतडी आइपुगेका लेखकले अन्तर्क्रिया कार्यक्रममा देशको आवश्यकताअनुसार नै नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) मिलेर गठबन्धनको सरकार बनेको बताए।

उनले भने, 'दुई ठूला दल मिलेर गठबन्धन बनेको छ । जसका लागि सातबुँदे सहमति गरेका छौं । गठबन्धन बनाइसकेपछि इमानदारीपूर्वक बस्नुपर्छ ।' केही कठिनाइ जटिलता भए पनि त्यसको समाधानमा सरकार लागिपरेको मन्त्री लेखकले बताए ।

गठबन्धन सरकारप्रति जनताको थुप्रै आशा र चाहना भए पनि सबैकुरा पूरा हुन नसकेका बताउँदै उनले ती आशा र चाहना पूरा गर्न सरकार लागिपरेको बताए। गृहमन्त्री लेखकले भने, 'सरकारले आमनागरिकका सबै चाहना पूरा गर्न सकेको छैन। केही निराशा र चिन्ता पनि छ। हामीले असल र राम्रा काम गर्नुपर्छ।'

कैलालीको गेटामा नेपालकै पहिलो स्वास्थ्य विज्ञान विश्वविद्यालय यो सरकारले बनाउने निर्णय सुदूरपश्चिमका लागि राम्रो पक्ष रहेको मन्त्री लेखकले बताए ।

भारतसँग सीमा जोडिएको बैतडीको झुलाघाटमा पुल बन्न आवश्यक रहेको र यसका लागि सरकारले लाग्नुपर्नेमा उनको जोड थियो । यो संविधान लामो सङ्घर्षबाट आएकाले कसैले यो संविधान र व्यवस्थाविरूद्ध हिँड्नु दिवा सपना हुने उनले बताए । गृहमन्त्री लेखकले आफूमाथि लागेको आरोप राजनीतिक षड्यन्त्र रहेको स्पष्ट पार्दै यस्तो गलत प्रचारको पछि नलाग्न आग्रह गरे ।

यस्तै, कार्यक्रममा नेपाली कांग्रेस बैतडीका सभापति चतुरबहादुर चन्दले बैतडीको समग्र विकासका लागि ध्यानाकर्षण गराए । सभापति चन्दले बैतडी क्रिकेटको उर्वरभूमि रहे पनि उपयुक्त खेलमैदान नहुँदा भएको समस्या, झुलाघाट नाकाका पुल बन्नुपर्ने, पाटन विमानस्थल सञ्चालन सञ्चालन हुनुपर्ने, महाकाली करिडोरमा बजेट कम परेकोलगायत विषयमा ध्यानाकर्षण गराए । यसका साथै गृहमन्त्री लेखकलाई पाटन नगरपालिकाको समग्र विकासका लागि नगरप्रमुख गौरीसिंह रावलले ज्ञापनपत्रसमेत बुझाएका छन् । दुई ठूला दल मिलेर बनेको गठबन्धन सरकारप्रति नागरिकको असन्तुष्टि बढेकाले यसको समाधान गर्न अन्तरक्रियामा सहभागी नेता कार्यकर्ताले आग्रह गरेका छन् ।

# 'सेनालगायतका सुरक्षाकर्मीको सेवा सुविधा वृद्धि गर्न सरकार सकारात्मक'



**काठमाडौं/मस-** रक्षामन्त्री मानवीर राईले विपद् नेपाली सेनालगायतका सुरक्षाकर्मीको सेवा सुविधा वृद्धिका लागि सरकारले पहल गरिरहेको बताएका छन् ।

राष्ट्रिय सभाको बुधबारो बैठकमा विनियोजन विधेयक २०८२ सम्बन्धमा रक्षा मन्त्रालयका सन्दर्भमा सांसदहरुले राखेको जिज्ञासाको जवाफमा उनले सुरक्षाकर्मी र कर्मचारीको सेवासुविधा वृद्धिका लागि आर्थिक स्रोतको बढोत्तरी जरुरी रहेको बताए । अर्थतन्त्रको सुधार र विस्तारपछि राज्यका हरेक क्षेत्रमा सेवा सुविधा वृद्धिका लागि कुनै पनि कन्जुस्याइँ नगरिने रक्षामन्त्री राईको भनाइ छ।पछिल्ला दिनमा मुलुकको अर्थतन्त्र सुधारात्मक दिशामा अगाडि बढेको अर्थमन्त्रीले स्पष्ट पारिसकेको सन्दर्भमा आगामी दिनमा सो बारेमा सरकारले सकारात्मक तवरले नै सोच्ने उनले उल्लेख गरे ।

यस्तै, राष्ट्रिय सेवा दल (एनसिसी) कार्यक्रमलाई क्रमशः विस्तार गर्दै लैजाने सोचमा सरकार रहेको मन्त्री राईले सदनलाई जानकारी गराए । उनले आगामी आ.व.मा तराई मधेश र सिमाना जोडिएका केही जिल्लामा सो कार्यक्रम अगाडि बढाइने उल्लेख गरे । 'अनुशासन नै राष्ट्रको सेवाको मूल जग हो' भन्ने आदर्श बोकेको राष्ट्रिय सेवा दल (एनसिसी) कार्यक्रम युवा विद्यार्थीको चरित्र, नेतृत्व गुणस्तर, खेलकुद भावना विकास गर्ने लक्ष्यका साथ सञ्चालित छ। यस्तै, निःस्वार्थ सेवाको आदर्श मूल्य एवं भावनाको विकास गरी जीवनका सबै क्षेत्रमा समर्पित नेतृत्व क्षमता अभिवृद्धि गर्न यो कार्यक्रम सफल भएको छ ।

सो कार्यक्रम सेनाको व्यवस्थापनमा कार्यान्वयन तथा सञ्चालन हुन्छ । कार्यक्रमअनुसार सिनियर र जुनियर डिभिजनका लागि दुई प्रकारका तालिम हुन्छन् । यी तालिमहरूको मुख्य उद्देश्य विद्यार्थीको शारीरिक र मानसिक क्षमता अभिवृद्धि गरी अनुशासित, बफादार र देशप्रति समर्पित युवा सिर्जना गर्नु हो । जुनियर डिभिजनमा कक्षा ८ देखि १० सम्मका विद्यार्थी सहभागी हन्छन् भने सिनियर डिभिजनले दश जोड दुईका विद्यार्थी सहभागी हुने गरेका छन्। आगामी आ.व.को बजेटमा 'राष्ट्रिय सेवा दलको दायरा विस्तार र प्रभावकारिता अभिवृद्धि गरिनेछ' भन्ने विषय समावेश गरिएको छ। सरकारको निर्देशनमा रहेर आगामी दिनमा सेनाले उत्पादनमूलक क्षेत्रमा पनि सक्रिय हुने र त्यसबाट मुलुकलाई आत्मनिर्भर बनाउन सहयोग पुग्ने उनको कथन थियो।

# सुनकोसी गाउँपालिकामा तालाबन्दी



सिन्धुली/मस-विद्यालयमा भएको अनियमितता र भुक्तानीको विषयलाई लिएर प्रधानाध्यापकलाई स्पष्टीकरण सोधिएको विषयमा गाउँपालिकामा तालाबन्दी गरिएको छ। सिन्धुलीको सुनकोसी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतले सुनकोसी गाउँपालिका-३ स्थित प्रगतिशील नमुना माविका प्रधानाध्यापक सरिता चौलागाईंलाई अनियमितता र भुक्तानीको विषयलाई लिएर स्पष्टीकरण सोधेको भन्दै सुनकोसी गाउँपालिकामा उपाध्यक्षसहित चार वडाध्यक्षले प्रमुख प्रशासकीय अधिकृत र शिक्षाशाखामा तालाबन्दी गरेका हुन् । उक्त विद्यालयका प्रधानाध्यापक चौलागाईं माथि विद्यालय भवन निर्माण गर्दा भुक्तानी गरिएको रकम हिनामिना गरेको र नियम विपरित सुविधा लिएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासमा मुद्दा दर्ता भएको थियो । सोही विषयलाई लिएर गाउँपालिकामा समेत तीनवटा उजुरी परेपछि चौलागाँई माथि के कसो भएको हो भन्दै गाउँपालिकाको शिक्षा सम्बन्धी कार्यविधि २०७५ को (पहिलो संसोधन २०८०) अनुसार स्पष्टीकरण सोधेको थियो । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले विद्यालयको अनियमितताबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरिरहेको भएपनि चौलागाईंलाई स्पष्टीकरण सोधे पछि उनको कार्यकक्षमा तालाबन्दी गरिएको गाउँपालिका उपाध्यक्ष कपिल कोइरालाले बताए ।

उता गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन दर्जीले भने विद्यालयको आर्थिक कारोबारमा कैफियत देखिएको र भवन निर्माण कम्पनीलाई पुषमै भुक्तानी गर्नुपर्ने रकम हालसम्म नदिइ १६ लाख रुपैयाँभन्दा बढी अपुग देखाइएकाले स्पष्टीकरण सोधिएकोमा विरोध स्वरुप कार्यकक्षमा तालाबन्दी गरिएको जनाए ।

प्रमुख प्रशासकीय अधिकृत दर्जीका अनुसार उक्त विद्यालयको भवन निर्माणका लागि गाउँपालिकाले निर्माण सम्पन्न भई अन्तिम बिल अनुसार कुल ६८ लाख ९७ हजार रुपैयाँ निर्माण कम्पनी आर.वि. सिद्धार्थ कन्ट्रक्सन प्रालिलाई भुक्तानीका दिन निकासा गरिदिएको भएपनि विद्यालयले १६ लाख ६४ हजार रुपैयाँ भुक्तानी गर्न सकेको छैन ।

# मिर्गौला पीडित खत्रीलाई साउदीबाट आर्थिक सहयोग

**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरब, १८ असार



साउदी अरेबियामा कार्यरत नेपाली श्रमिकहरूले मिर्गौला रोगबाट पीडित एक नेपाली युवालाई आर्थिक सहयोग गरेका छन्। साउदीको हापरबातेनस्थित अल्माराई कम्पनीमा कार्यरत नेपालीहरूले भक्तपुरको सूर्यविनायक नगरपालिका-९, नलिनचोक निवासी पारस खत्रीको उपचारका लागि करिब ५० हजार रुपैयाँ आर्थिक सहयोग पठाएका छन् ।

नेपाली साझा मञ्च साउदीका महासचिव राजु केसीका अनुसार खत्रीको दुवै मिर्गौला फेल भएकाले तत्काल प्रत्यारोपण आवश्यक परेको छ । परिवारको आर्थिक अवस्था कमजोर भएका कारण सहयोगका लागि अपिल गरिएपछि भक्तपुर पलासेका चिरण थापाको समन्वयमा हापरबातेन क्षेत्रका नेपाली श्रमिकहरूबाट ४६ हजार ६०० सय रुपैयाँ संकलन गरिएको थियो ।

महासचिव केसीले हाल खत्रीको उपचार काठमाडौंस्थित एक अस्पतालमा भइरहेको जानकारी दिए। नेपालमा उपचार सम्भव नभए उनलाई भारत लैजानुपर्ने अवस्था आउन सक्ने हुँदा अझ बढी खर्च लाग्ने देखिएको महासचिव केसीले बताए ।

विदेशमा कार्यरत नेपालीहरूले विगतदेखि नै बिरामी, दुर्घटना वा विपत्तिमा परेका नेपालीहरूलाई सहयोग गर्दै आएका छन्। महासचिव केसीले भने, 'साउदीलगायत खाडी मुलुकमा रहेका नेपालीहरू मानवीय सहयोगमा सधैं अग्रपंक्तिमा रहँदै आएका छन् ।' खत्रीको सफल उपचारको कामना गर्दै महासचिव केसीले यस कार्यमा सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद ज्ञापन गरेका छन् । साथै, उनले खत्रीको थप उपचारका लागि सबैबाट थप सहयोगको अपिल समेत गरेका छन् ।

### सिंहदरबारमा...

जाँदा कसरी थपघट भयो यो गम्भीर अपराध नै हो । यसमा छानबीन जरूरी छ', उनले भने ।

समितिको बैठकले पनि यस सम्बन्धमा उच्चस्तरीय संसदीय समितिबाट छानबीन गर्ने व्यवस्था मिलाउन सभामुख देवराज घिमिरेलाई आग्रह गरेको छ । 'यो बदमासी मात्रै होइन्, कानून निर्माणको हिसाबले षड्यन्त्रपूर्ण र दुराशयपूर्ण देखिएको छ', थानीले भने 'यसमा को-कसको मिलेमतो छ त्यसको छानबीन गर्न उच्चस्तरीय संसदीय समितिबाट छानबीन गर्ने व्यवस्था मिलाउन सभामुखलाई अनुरोध गर्ने निर्णय गरिएको छ ।'

प्रधानमन्त्री केपी शर्मा ओलीलाई नै मुख्यसचिव एकनारायण अर्याल र संसद सचिवालयका महासचिव पदमप्रसाद पाण्डेले ऐनमा कर्मचारीका लागि कुलिङ पिरियड नराख्न पटक-पटक दबाब दिएका थिए । उच्च तहका कर्मचारीको अनुरोधलाई प्रधानमन्त्रीले स्वीकार गर्दै राज्य व्यवस्था तथा सुशासन समितिका सभापतिलाईसमेत कुलिङ पिरियडको व्यवस्था नराख्न दबाब दिएको विषय सार्वजनिक भएपछि प्रधानमन्त्रीसमेत गलेका थिए ।

तर, संसदीय समितिका सांसदहरूले सर्वसम्मतिमा पारित गरेर प्रतिनिधि सभामा दर्ता गरेको सो विधेयकमा उच्च तहका कर्मचारीलाई सरकारी नियुक्तिमा कुलिङ पिरियड लागू नहुने गरी सच्याएर दर्ता गरेको पाइएपछि यो विषयले २ दिनयता हंगामा मच्चिएको छ ।

विधेयकको दफा ८२ मा 'निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले २ वर्ष अवधि पूरा नभई कुनैपनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन' भन्ने व्यवस्था राखेर समितिले पारित गरेकोमा संसद्मा पेश गर्दा त्यस व्यवस्थालाई निष्प्रभावी बनाउने गरी दफा ८२ (५) मा (क) को व्यवस्था गरेर 'संवैधानिक वा कुटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्ति बाहेकको पदमा नियुक्त हुन नपाउने' भनी घुमाउरो भाषामा कुलिङ पिरियडलाई सिध्याउने काम भएको छ ।

समितिबाट विधेयकको प्रतिवेदन तयार गर्दा निष्क्रिय गर्ने गराउने गरी समितिको सचिवालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र कानून मन्त्रालयका प्रतिनिधिले भाषा लेख्ने काम दिइएको राप्रपाका उपाध्यक्ष एवं समितिका सदस्य बुद्धिमान तामाङले जानकारी दिए।

छलफलमा अधिकांश सांसदहरूले सभापति रामहरि खतिवडाको सातो खाएका छन् । तर यो विषयमा आफ्नो कमजोरी नभएकाले आवश्यक छानबीन गर्न खतिवडालेसमेत माग गरेका छन्। समितिको बैठकमा सहभागि कर्मचारीहरूले भने विधेयकको दफा सच्याउने र थप्ने विषयमा कुनै भूमिका नरहेको भन्दै सभापति खतिवडा र समितिका सदस्यहरूतर्फ संकेत गरेका छन्।

समितिको बैठकमा भएको छलफल र सदस्यहरूले दिएको सुझावका आधारमा विधेयकमा २ वर्षे कुलिङ पिरियडसम्बन्धी व्यवस्था गर्न राष्ट्रियसभालाई अनुरोध गर्ने निर्णय भएको सभापति खतिवडाले जानकारी दिए। 'कुलिङ पिरियडमा समितिको सचिवालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र कानून मन्त्रालयका प्रतिनिधिले षड्यन्त्र गरेको निष्कर्ष बुधबारको बैठकले निकालेको छ', उनले भने । यस विषयमा आवश्यक संशोधन गर्ने व्यवस्थाका लागि राष्ट्रियसभालाई अनुरोध गर्ने समितिले निर्णय गरेको छ। निजामति कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकास भएका कर्मचारीले सेवाबाट अवकास भएको मितिले २ वर्ष अवधि पूरा नभई कुनैपनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन भनि विधेयकमा उल्लेख गरिएको उनको दाबी छ । यो विधेयक प्रतिनिधिसभाबाट पारित भई राष्ट्रियसभामा सन्देशसहित प्रवेश गरेको छ। यो विषयको छानबीन गर्न सभामुख देवराज घिमिरे आन्तरिक छलफलमा जुटेका छन्।

### ५२ जनाको...

भएका थिए ।पहिलो चरणमा ३२ जनालाई राष्ट्रपति रामचन्द्र पौडेलबाट नियुक्ति दिइएको थियो। त्यतिखेर ११ वटा संवैधानिक निकायमा ३२ पदाधिकारी नियुक्त भएका थिए । तीमध्ये ३१ जना अहिलेसम्म बहालरत छन् ।

त्यस्तै दोस्रो चरणमा २० जना नियुक्त भएकामा १८ जना पदमै छन् । ६५ वर्षको उमेर हदसम्म काम गर्न पाउने ती पदाधिकारीहरूको पदावधि बढीमा ६ वर्ष हुन्छ । पहिलो चरणमा नियुक्त भएका पदाधिकारीले ४ वर्ष ५ महिना काम गरिसकेका छन् ।

### शिक्षक...

दिएका छन् । विश्वविद्यालयका १४ आंगिक क्याम्पसहरू, डिन कार्यालय, केन्द्रीय कार्यालयमा आर्थिक निकासा नहुँदा ठप्प हुने अवस्थामा पुगेका छन् ।

विश्वविद्यालयका नेपाल प्राध्यापक संघका अध्यक्ष मुकुन्द लामिछानेले कुलसचिव र उपकुलपतिलाई यस विषयमा पटक पटक ध्यानाकर्षण गराइरहेपनि समयमा तलब निकासा नगरेको भन्दै शिक्षक-कर्मचारीको तलब चाँडो उपलब्ध गराउन माग गरेका छन ।

लामो समयसम्म तलब रोक्काको विषयमा उपकुलपतिले रजिष्ट्रारलाई गत असारमा कारबाही गरेदेखि सुरू भएको द्वन्द्व अझै व्यवस्थापन हुन नसकेर यो समस्या आएको कुलसचिव माधव अधिकारीले बताए । उनले यसको पछाडि ३ वटा कारण रहेको तर्क गरे । 'तलब रोक्का हुनुको पहिलो कारण तालाबन्दी हो', उनले भने 'दोस्रोमा विश्वविद्यालय सभाले पास गरेको बजेट अनुसार रकम नउठेको र त्यसलाई पारित बजेटलाई घटाउनु पर्ने भएकाले ढिला भएको छ । अर्को कारण उपकुलपतिले रजिष्ट्रारलाई कारवाही गरेर निकाले पनि फेरि सोही रजिष्ट्रारले नियुक्ति लिएपछि समस्याहरू कायमै रहेको अवस्था छ । यो समस्या समाधानका लागि उपकुलपति र रजिष्ट्रार आएर अर्को व्यवस्था गरेपछि मात्रै निकास खुल्छ ।'

### असार...

कार्यक्रमको लागि रकमान्तर गरेर खर्च गरिसकेको छ । करोडभन्दा माथिको बढीको रकमान्तरले आर्थिक अनुशासन मै प्रश्न उठाएको छ ।

अर्थ मन्त्रालयको तथ्याङअनुसार सबैभन्दा धेरै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको २ अर्ब ५२ करोड रुपैयाँ बजेट रकमान्तर भएको छ। यस्तै शहरी विकास मन्त्रालयबाट १ अर्ब ३९ करोड रुपैयाँ, गृहमन्त्रालयबाट २३ करोड ७३ लाख रुपैयाँ रकमान्तर भएको छ।

यस्तै शिक्षा मन्त्रालयबाट १७ करोड ७१ लाख रुपैयाँ, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको ११ करोड ५० लाख रुपैयाँ र खानेपानी मन्त्रालयबाट ५ करोड ९० लाख रुपैयाँ रकमान्तर भएको छ ।

राष्ट्रिय गौरवको काठमाडौं-तराई द्रुतमार्ग परियोजनाबाट सुरुङमार्ग विकास कार्यक्रममा ९० करोड रुपैयाँ रकमान्तर भएको छ। द्रुतमार्गबाटै थप २० करोड १२ लाख रुपैयाँ औद्योगिक करिडोर विस्तारमा रकमान्तर गरिएको छ । राष्ट्रिय गौरवको आयोजनलाई तीव्र गतिमा काम गर्नुपर्ने बेलामा बजेट रकमान्तरले आयोजनालाई नै असर गर्ने देखिन्छ ।

बजेट रकमान्तर गरेर असारे विकासको काम भइरहेको छ । अन्तिममा बजेट सक्नकै लागि रकमान्तर गरेर विकास गर्ने परिपाटीले कामको गुणस्तरमासमेत प्रश्न उठ्ने गरेको छ । मनपरी बजेट रकमान्तरले आर्थिक पारदर्शीतामा हरेक वर्ष प्रश्न उठ्दै आएको छ ।

आर्थिक वर्षको अन्त्यमा हुने रकमान्तरले अनियमिता ल्याउने अर्थविद् डा. चन्द्रमणी अधिकारी बताउँछन् । उनले भने 'समयमै काम सक्न नसकिरहेको अवस्थामा विनियोजन गरेको रकमसमेत रकमान्तर गरेर पुँजीगत खर्च सक्ने परम्पराले विकास निमार्णलाई नै असर गरिरहेको छ । बजेट विनियोजकै क्रममा ध्यान नदिँदासमेत रकमान्तरको समस्या आर्थिक वर्षको अन्त्यमा सधैं देखिन्छ ।'

मनलाग्दी बजेट रकमान्तर हुँदा हरेक वर्ष बेरुजुसमेत बढ्दै गएको महालेखा परीक्षक कार्यालयको प्रतिवेदनले पनि देखाएको छ ।

### ठगी...

गर्ने कार्यलाई आगामी दशकका लागि अभियानका रूपमा अघि बढाइने भन्दै मन्त्री भण्डारीले रोजगारी र यसको व्यवस्थापन बहुआयामिक विषय भएको बताए ।

उनले आन्तरिक रोजगारीको अवसर सिर्जनामा मन्त्रालय कटिबद्ध रहेको र सरकारले आगामी १० वर्षलाई आन्तरिक रोजगारी सिर्जना गर्न अभियान सञ्चालन गर्ने तयारी गरेको बताए। 'यो मुलुकको अर्थतन्त्रसँग प्रत्यक्ष सरोकार राख्नेविषय पनि हो,' उनले भने, 'विकासको परिभाषा केबल भौतिक पूर्वाधारमा सीमित रहेको छैन ।'

मन्त्री भण्डारीले मानव विकास, रोजगारी तथा सामाजिक सुरक्षालाई समेत विकासको अभिन्न अंगका रूपमा लिनुपर्ने बताए। मन्त्रालयले मुलुकको ठूलो बेरोजगार जनसंख्यालाई लक्षित गर्दै गरिबी निवारणमा प्रत्यक्ष प्रभाव पार्ने रोजगारी सिर्जना योजनालाई प्राथमिकता दिएको उनले बताए ।

मन्त्री भण्डारीले मन्त्रालयमा आन्तरिक रोजगार व्यवस्थापन महाशाखा स्थापना भइसकेको बताउँदै आगामी दिनमा वैदेशिक रोजगारीका साथै स्वदेशमा रोजगारी सिर्जना र व्यवस्थापनमा केन्द्रित रहने जानकारी दिए । नीतिगत व्यवस्था तथा कार्ययोजना निर्माण गरेर तीनवटै तहका सरकार र विकास साझेदारलाई साथमा लिएर रोजगार पारिस्थितिक चक्र (इकोसिस्टम) निर्माण गर्ने प्रयास थालिएको उनले उल्लेख गरे ।

विशेषगरी सुदूरपश्चिम र कर्णाली प्रदेशका नागरिक मौसमी कामदारका रूपमा भारत जानुपर्ने बाध्यतालाई कम गर्न राष्ट्रिय रोजगारी प्रवर्द्धन कार्यक्रममार्फत अल्पकालीन रोजगारीको व्यवस्था मिलाइएको उनले जानकारी दिए । श्रम व्यक्तिको पुँजीका रूपमा रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले सीपले श्रमिकको उत्पादकत्व वृद्धि र उद्यमशीलतालाई प्रवर्द्धन गर्ने धारणा राखे ।

### मलेसियामा...

कार्यमा जोडिएको देखिएको बताइएको छ ।

३६ जना बंगलादेशी नागरिकहरूको हालैको गिरफ्तारीले मलेसियाका सुरक्षा विकासलाई बढी नै सतर्क बनाएको छ । त्यसले आप्रवासी कामदारमाथि निगरानी बढाएको बताइएको छ । एक समय मलेसियाको आर्थिक आवश्यकताको दृष्टिकोणबाट हेरिएका बंगलादेशी आप्रवासी कामदारहरू पछिल्ला दिनमा बढ्दोरूपमा अन्तर्राष्ट्रिय आतंकवादी सञ्जालहरूको उपकरण बनिरहेका कारण मलेसियाको सुरक्षामा खतरा बढेको बताइएको छ ।

विदेशी आतंकवादी तत्वहरूले मलेसिया जस्ता आर्थिकरूपमा उदीयमान राष्ट्रहरूमा घुसपैठ गर्न र डायस्पोरा समुदायहरूमा हिंसात्मक विचारधाराहरू प्रचार गर्न आप्रवासी कमजोरीहरूको प्रयोग डरलाग्दो र गम्भीर रहेको मलेसियाका सरकारी निकायको विश्लेषण रहेको त्यहाँका स्थानीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् ।

**कुवेतमा रोजगार** | कम्पनी: DEBONED RESTURANT'S COMPANY | शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०५/२३ चलानी नं.: ६०२२४९७७ LT. No.: 310428 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Prep Cook | 4 | 0 | स. काममा दक्ष | 130 | ५८,१७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: Just Manoushe Restaurant Company W.L.L. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/१२/१८ चलानी नं.: ६०२३५५०० LT. No.: 321285 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Preparer | 43 | 23 | स. काममा दक्ष | 130 | ५८,१७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २६ गते (10 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AARAV GLOBAL RECRUITMENT PVT. LTD.
श्रम इजाजत पत्र नं. १२२५/०७४/७५
एकताटोल, सिनामंगल, काठमाडौं (Opposite Hyundai Service Center)
फोन: ०१-४५९२९०५, ०१-४५९२९०६, मो. ९८०२३२३१९५, ९८०२३२३१९६, ९८०२३२३१९७, ९८०२३२३१९८, ९८०२३२३१९९
Email: hiringagr@gmail.com, mail@aaravrecruitment.com, www.facebook.com/aaravglobal.recruitment

### सातै प्रदेशका प्रदेश प्रमुखले भेटे राष्ट्रपति

# मौलिकता निर्माण गरेर अगाडि बढ्न सुझाव



**काठमाडौं/मस–** राष्ट्रपति रामचन्द्र पौडेलले प्रदेशको सफलता नै संघीय लोकतान्त्रिक गणतन्त्रको सफलता भएको बताएका छन् ।

बुधबार शीतल निवासमा सातै प्रदेशका प्रदेश प्रमुखहरूसँग भेटघाट गर्दै राष्ट्रपति पौडेलले पछिल्ला आन्दोलनहरूको उपलब्धिलाई संस्थागत गर्ने महत्वपूर्ण आधार प्रदेश भएको उल्लेख गर्दै प्रदेशको सफलता नै संघीय लोकतान्त्रिक गणतन्त्रको सफलता भएको बताए ।

प्रदेशको आन्तरिक स्रोतको सक्दो प्रयोग गरेर प्रादेशिक विकासका नयाँ-नयाँ सपनाहरू बनाउन, प्रत्येक प्रदेशले आफ्नो मौलिकता निर्माण गरेर अगाडि बढ्न सम्बन्धित सरकारलाई सुझाव दिनुपर्ने आवश्यकता उनले औंल्याए ।

'प्रदेशहरू सुदृढ भए यो व्यवस्था सुदृढ हुन्छ । संविधानको सम्पूर्ण र प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने संघीय, प्रादेशिक र स्थानीय तहका कानुनको तर्जुमा र त्यसको निष्कपट कार्यान्वयनबाट संविधानको औचित्य र सार्थकता प्रमाणित हुन्छ भन्ने मेरो विश्वास छ,' राष्ट्रपति पौडेलले भने ।

प्रदेश प्रमुखहरू प्रदेशको प्रमुखसँगै केन्द्रको प्रतिनिधि पनि भएकाले सङ्घ र प्रदेशबीचको समन्वयकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने बताउँदै उनले प्रदेश प्रमुखहरू संघीयताको सेतुका रूपमा रहेको उल्लेख गरे । उनले विकास-निर्माण, सुशासन, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, साहित्य, कला, संस्कृतिजस्ता क्षेत्रको विकास, विस्तारमा सुझाव दिने र यी क्षेत्रमा सम्पर्क तथा सम्बन्ध विस्तार गर्ने काममा लाग्न सुझाव दिए । राष्ट्रपति पौडेलले सबै मिलेर संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्नेतर्फ लाग्न आग्रह गरे । 'प्रदेशको संरचनाले मात्र राजनीतिक महत्त्व स्थापित हुँदैन । यसको चरित्रलाई जनमुखी, समावेशी र सुशासित बनाउन जरुरी छ। चरित्रको परिवर्तन हुनु मुख्य विषय हो। राजनीतिक उपलब्धिलाई नागरिकको जीवनसँग जोडौँ । प्रदेश-प्रदेशबीच स्वस्थ प्रतिस्पर्धा गरौँ। साथसाथै अन्तरप्रदेश सहकार्य र समन्वयमा जोड दिऔँ । एकापसको सहकार्यले सबैलाई लाभ पुग्नेछ भन्ने मलाई लाग्छ,' राष्ट्रपति पौडेलले भने ।

सो अवसरमा सातै प्रदेशका प्रदेश प्रमुखहरूले आफूले भोग्नुपरेका कठिनाइ, कानुन नियममा रहेका अन्योलहरूको बारेमा जानकारी गराउँदै यसको समाधानका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराइदिन राष्ट्रपतिसमक्ष आग्रह गरेका थिए ।

# पूर्वराष्ट्रपति भण्डारीद्वारा सरकारी सुविधा त्याग



**काठमाडौं/मस–** सरकारले पूर्वविशिष्टलाई दिदैं आएको सरकारी सेवा र सुविधा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले त्याग गरकी छन् ।

पूर्वराष्ट्रपतिको हैसियतमा प्राप्त सरकारी सेवा र सुविधा नलिने भन्दै उनले बुधबार गृहमन्त्रालयमा पत्र पठाएकी हुन् । पूर्वराष्ट्रपति भण्डारीको स्वकीय सचिवालयले बुधबार गृह मन्त्रालय पुगेर सेवा सुविधा नलिनेसम्बन्धी पत्र दर्ता गराएको हो । गत शनिबार भण्डारीले सामाजिक-आर्थिक रूपान्तरण, सुखी जनता र समुन्नत नेपाल निर्माण गर्ने दायित्व अझै अधुरो रहेको भन्दै पुनः नेकपा (एमाले) को सक्रिय राजनीतिमा फर्किएको घोषणा गरेकी थिइन् ।

उनी सक्रिय राजनीतिमा फर्किएकी अवस्थामा पूर्वराष्ट्रपतिको हैसियतमा प्राप्त सरकारी सेवा र सुविधा लिँदा प्रश्न उठ्ने भएकाले उनले सेवा सुविधा त्याग्ने निर्णय गरेकी हुन् । पत्रमा उनले असार १८ गतेकै मितिबाट लागू हुनेगरी सेवा सुविधा नलिने गरि निवेदन दिएकी हुन् ।

# शैक्षिक वातावरण सुधार्न तालिम



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, १८ असार

रौतहटको फतुवा बिजयपुर नगरपालिकाले शैक्षिक क्षेत्र सुदृढ बनाउने उद्देश्यले बाल विकास सहजकर्ता, विद्यालय सहयोगी र लेखापालका लागि छुट्टाछुट्टै पाँच दिने क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको छ ।

नगरपालिकाले ३२ वटा सामुदायिक बाल विकास केन्द्रमा कार्यरत ४२ जना सहजकर्ताको मनोबल वृद्धि, व्यवहारिक ज्ञान र कक्षाकोठामा सकारात्मक सिकाइ वातावरण निर्माणका लागि तालिम दिइएको हो ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भरत प्रसाद यादवले तालिमको औचित्यबारे बताउँदै भने, 'बाल विकास सहजकर्ताहरूले थोरै पारिश्रमिक, सामग्रीको अभाव र कार्यको मूल्याङ्कन नहुनुजस्ता कारणले हतोत्साहित हुने गरेका छन् । उनीहरूलाई उत्साहित बनाएर मात्र बालबालिकाको शिक्षामा गुणस्तर ल्याउन सकिन्छ ।'


कार्यक्रममा शिक्षा शाखा प्रमुख सुबोध यादवले सहजकर्ताहरूलाई तालिम र सीपमार्फत सक्षम बनाउनेतर्फ नगरपालिकाले ध्यान दिँदै आएको बताए । उनले भने, 'शिक्षक वा सहजकर्ताको व्यवहार र कार्यशैली नै कक्षाकोठाको वातावरण निर्धारण गर्छ । तालिमले उनीहरूको आत्मविश्वास बढाउँछ र सिकाइ प्रक्रियामा सुधार ल्याउँछ ।'

साथै, नगरपालिकाले माध्यमिक तहका विद्यालय लेखापालहरूलाई समेत आवश्यक लेखा ज्ञान र सीप प्रदान गर्ने उद्देश्यले तालिम प्रदान गरेको छ । माँ सरस्वती प्राथमिक विद्यालयमा सम्पन्न उक्त तालिममा सचिन्द्र यादव, सुरेश लामिछाने, मदन मोहन यादव र गोबिन्द चौधरीले प्रशिक्षण दिएका थिए ।

यसै गरी, विद्यालय सहयोगीहरूका लागि समेत पाँच दिने क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको छ । प्रशिक्षक मदन मोहन यादव र पुरुषोत्तम हरि घिमिरेले उनीहरूलाई पेशागत जिम्मेवारी, कार्यव्यवहार र विद्यालय वातावरणमा सकारात्मक भूमिका निर्वाह गर्ने सम्बन्धमा तालिम प्रदान गरेका थिए ।

तीन वटै तालिमको उद्देश्य शिक्षण वातावरण सुधार, कर्मचारीको पेशागत दक्षता वृद्धि र विद्यालय व्यवस्थापनलाई प्रभावकारी बनाउने रहेको शिक्षा संयोजक सुबोध यादवले जानकारी दिए । नगरपालिकाले भविष्यमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने र शैक्षिक क्षेत्रलाई गुणस्तरीय बनाउन थप योजनाहरू अघि बढाउने जनाएको छ ।

# कर्णाली विकास बैंकका पूर्वअध्यक्ष मिश्र पक्राउ



**काठमाडौं/मस–** कर्णाली विकास बैंकका पूर्वअध्यक्ष पशुपति दयाल मिश्रलाई पक्राउ परेका छन् । उनी बैक घोटला प्रकरणमा पक्राउ परेका हुन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरो (सिआइबी) ले दयाललाई नेपालगन्जबाट पक्राउ गरेको हो । सिआइबीका अनुसार मिश्र २०६६ सालदेखि ०७५ सालसम्म बैंकको अध्यक्ष थिए ।

मधेश आन्दोलनबाट उदाएका नेता मिश्र २०७४ को प्रतिनिधिसभा निर्वाचनमा बाँके क्षेत्र नं. २ बाट उम्मेदवार थिए ।

स्वतन्त्र राजनीतिक समूहका उनी एमालेको सूर्य चुनाव चिह्नबाट प्रतिस्पर्धा गरे पनि पराजित भएका थिए । पछि उनी एमाले प्रवेश गरेका थिए । उनी पार्टीका अहिले केन्द्रीय सदस्य हुन् ।

मिश्रसँगै यो ठगी प्रकरणमा पक्राउ पर्नेको संख्या तीन पुगेको छ । यसअघि तत्कालीन वित्त प्रमुख देवप्रकाश सिंह ठकुरी र बैंकका संस्थापक अध्यक्ष राजेन्द्रवीर राय पक्राउ परेका थिए ।

पक्राउ परेकाहरुलाई बाँकेमा नै राखेर सीआईबीको टोलीले अनुसन्धान गरिरहेको छ । सीआईबीबाट डीएसपी दान थापाको कमाण्डको एउटा टोली नेपालगञ्ज गएर अनुन्सन्धान गरिरहेको सीआईबीले बताएको छ।

पक्राउ परेकाहरुविरुद्ध बैंकिङ कसुर तथा सजाय ऐन २०६४ अन्तर्गतको कसुरमा नेपाल राष्ट्र बैंकको समन्वयमा अनुसन्धान भइरहेको सीआईबीले बताएको छ।

यो बैंकमा अहिलेसम्म २ अर्ब ५० करोड रुपैयाँ हिनामिना भएको भन्दै उजुरी परेको छ । कर्णाली विकास बैंक २०६० सालमा स्थापना भएको थियो । अपचलनमा संलग्न मुख्य व्यक्ति रायको कर्णाली विकास बैंकमा करिब ८० प्रतिशत संस्थापक सेयर छ । उनी बैंक स्थापनादेखि नै कार्यकारी अध्यक्ष तथा सीईओका रूपमा करिब १५ वर्षसम्म कार्यरत थिए । प्रमुख सेयर होल्डरका रूपमा रायले नै बैंक चलाउँदै आएका थिए । बैंक सञ्चालक समिति अध्यक्ष डा.ओमप्रकाश मिश्रको संयोजकत्वमा गठित विशेष छानबिन समितिले ठूलो रकम घोटाला भएको निष्कर्ष निकालेको थियो ।

# मोटरसाइकल दुर्घटनामा एक जना गम्भीर घाइते, हेलिकप्टरबाट उद्धार



**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुम पूर्व, १८ असार

रुकुम पूर्वको सिस्ने गाउँपालिका-५ अन्तर्गत मध्यपहाडी लोकमार्गमा दुई मोटरसाइकल एकापसमा ठोक्किँदा एक जना गम्भीर घाइते भएका छन् । घाइतेलाई थप उपचारका लागि हेलिकप्टरमार्फत पोखरा लगिएको छ ।

रुकुमकोटबाट धौलापहिरा जाँदै गरेको रा ७ प १२६२ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको बा २९ प ४४२७ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किँदा दुर्घटना भएको हो । दुर्घटनामा बा २९ प ४४२७ नम्बरको मोटरसाइकल चालक भूमे गाउँपालिका-५ धौलापहिराका २५ वर्षीय कृष्ण खत्री सामान्य घाइते भएका छन् । उनलाई प्रारम्भिक उपचारपछि जिल्ला अस्पताल रुकुमपूर्वले डिस्चार्ज गरेको छ ।

दुर्घटनामा गम्भीर घाइते भएका रुकुम पश्चिम, त्रिवेणी गाउँपालिका-८ का २७ वर्षीय हेमराज ओलीको अवस्था जटिल भएपछि उनलाई हेलिकप्टरमार्फत थप उपचारका लागि पोखरास्थित मणिपाल शिक्षण अस्पताल पठाइएको हो ।

घाइते ओलीलाई रुकुमपूर्व अस्पतालबाट डा.पूर्णबहादुर पुन र स्वास्थ्य सामग्रीसहितको टोलीसहित पोखरा रिफर गरिएको हो । प्रमुख जिल्ला अधिकारी रुद्र प्रसाद न्यौपाने, रुकुमपूर्व अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा.कृष्ण खराल, समाजसेवी तथा युवा नेता चन्द्र रसाइली लगायतको समन्वयमा उद्धार गरिएको हो । सामान्य चोटपटक लागेका कृष्ण खत्रीलाई भने जिल्ला प्रहरी कार्यालय रुकुमपूर्वको निगरानीमा राखिएको छ ।

# भन्सार छलेर ल्याइएका सामग्री बरामद



**घुरन यादव/मध्यान्ह**
सप्तरी, १८ असार

सप्तरीको चन्ही मलहनियाँ प्रहरी चौकीले भन्सार छलि गरी ल्याइएको ठूलो परिमाणका सामग्री बरामद गरेको छ । बुधबार बिहान बरामद गरिएको ती सामग्री भारतबाट गैरकानुनी रूपमा नेपाल भित्र्याइएका थिए ।

चन्ही प्रहरी चौकीका प्रमुख प्रहरी सई हरेन्द्र यादवको नेतृत्वमा खटिएको प्रहरी टोलीले बलान बिहुल गाउँपालिका-१ स्थित चौकीबाट करिब १ किलोमिटरको दूरीमा चेकजाँचका क्रममा ती सामग्रीसहितको सवारी साधन रोकेको थियो ।

प्रहरीका अनुसार गाडीबाट विभिन्न चार्जेबल उपकरण, विद्युत बल्ब, तथा अन्य फ्रेम लगायतका सामानहरू बरामद गरिएको छ । ती सामानहरू भन्सार नतिरी अवैध रूपमा बेल्ही नाका हुँदै नेपाल भित्र्याइएको प्रारम्भिक अनुसन्धानमा खुलेको छ । बरामद गरिएका सबै सामग्री जिल्ला प्रहरी कार्यालयमा बुझाइएको छ । साथै, घटनासँग संलग्न रहेका दुई जना व्यक्तिलाई समेत नियन्त्रणमा लिई आवश्यक कानुनी कारबाही प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**सूचना प्रकाशन मिति : २०८२/०३/१९ गते**

श्री प्रगतिशिल सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा राखिएको साल जातको गोलिया काठ ए ग्रेड ९४ थान १७६१.४९ घ.फि, बी ग्रेड ७४ थान ७५५.४६ घ.फि, सी ग्रेड ५५ थान ३९०.२५ घ.फि, डि ग्रेड ७ थान ४५.४५ घ.फि गरि जम्मा २३० थान २९५२.६५ घ.फि काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आहवान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री प्रगतिशिल सामुदायिक वन उपभोक्ता समूह, चुरे गा.पा. वडा नं ४, कैलाली**

**प्रभु बैंक लिमिटेडको गैर बैंकिङ्ग सम्पत्ति बिक्रीको लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना**

**(सूचना प्रकाशित मिति २०८२/०३/१९ गते बिहीबारको मध्यान्ह राष्ट्रिय दैनिक)**

यस बैंकको स्वामित्वमा रहेका तपसिल बमोजिमका सम्पत्ति (घर/जग्गाहरु) जे-जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस बैंकबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी बोलपत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा यस बैंकको प्रधान, कार्यालय बबरमहल, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्र फाराम रित पूर्वक भरी पेश गर्नु हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ । यस बैकसमक्ष प्राप्त हुन आएका बोलपत्रहरु ८औं दिन अर्थात तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन । सो तोकिएको दिन विदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन ठिक १२ :०० बजेसम्म कारोबार गरी सोही स्थान र समयमा बोलपत्र खोलिनेछ । प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ । बोलपत्र फारम एक प्रतिको रु. १०००/- (फिर्ता नहुने गरी) मा यस बैंकबाट खरिद गर्न सकिने छ । साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ । उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली बिभागमा सम्पर्क गर्नु होला ।

**तपसिल**

**बिक्री हुने गैह्र बैंकिङ सम्पत्तिको विवरण :**

१. मालपोत कार्यालय विराटनगर, मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला जतुवा कठकुप्पा गा.वि.स. वडा नं. २ नक्सा सिट नं. २ख स्थित कित्ता नं. ४३९ क्षेत्रफल ०-१०-०-० (बिघा) को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..........१

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
मिति: २०८२/०३/२५ गते बुधबार, कार्यालय समय भित्र ।

**बोलपत्र खोलिने मिति, समय र स्थान :**
मिति २०८२/०३/२६ गते बिहीबार दिनको ३:०० बजे,
बैंकको प्रधान कार्यालय, कर्जा असुली बिभाग, बबरमहल, काठमाण्डौ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

**कतारमा रोजगार**
कम्पनी: Nucleus Trading & Contracting W.L.L. शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८०/१०/१९ चलानी नं.: ६०२१४२३८ LT. No.: 299299 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,९५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | MASON | 1 | 0 | | 1200 | ४४,९५२ | | | | | | | |
| 3. | Electrician | 1 | 0 | | 1200 | ४४,९५२ | | | | | | | |
| 4. | PLUMBER | 2 | 0 | | 1200 | ४४,९५२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २६ गते (10 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Paragon H.R. Management Pvt. Ltd.**
Govt.Lic.No. 1519/074/075
Dhumbarahi-4, Kathmandu, Mob.: 9813000522, Tel:-5901247
E-mail : paragonhrmanagement@gmail.com, Web.: www.paragonhrgroup.com

**कर्मचारी आवश्यकता**

यस मेनपावर कम्पनीका लागि निम्न कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

Documentation - 2 (Male/Female)

नोट: + 2 Passed, अंग्रेजी राम्रोसँग बोल्न र लेख्न सक्ने ।
सम्बन्धित क्षेत्रमा अनुभवी, कम्प्युटरको ज्ञान भएको हुनुपर्दछ ।

तलब आपसी सम्झदारीमा हुनेछ ।

आवेदन तल दिइएको इमेल वा ठेगानामा पठाउन सकिनेछ ।

Sandiya Human Resource Pvt.Ltd.
Dhumbarahi -4, Kathmandu, Nepal. Phone No: 014374161
Mobile No: 9801255092, 9851155563. Email: sandhiyahr@gmail.com.

**मलेसियामा रोजगार**
कम्पनी: EASYWAY SOLUTIONS SDN. BHD शहर: JALAN
पूर्व स्वीकृत मिति: २०८१/१२/२२ चलानी नं.: ६०२३५६६५ LT. No.: 321561 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 64 | 0 | स. काममा दक्ष | 1700 | ५५,३०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २६ गतेसम्म (10 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SAMRAT HUMAN RESOURCES PVT. LTD.** License No: 1729/081/082
Dhumbarahi, Kathmandu- 4, Nepal, Contact: 01- 4548013, 4548014, 9823073198, 9862340180
9851044152, 9851225179, Mail: info.samrathr@gmail.com, Web: www.samrathr.com

**UAE मा रोजगार**
SULAV TECHNICAL AND CLEANING SERVICES LLC पुन: बिज्ञापन
पुर्व स्विकृति मिति: 2081.02.14 चलानी नं. ६०२२०१६५ LT No. 305350

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manager | 1 | 0 | 5500 | 205216 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Accountant | 1 | 0 | 3500 | 130592 | | | | | | | |
| 3 | Asst. Account | 0 | 1 | 2500 | 93280 | | | | | | | |
| 4 | Cleaning Supervisor | 0 | 2 | 2000 | 74624 | | | | | | | |
| 5 | Foreman | 1 | 0 | 1800 | 67162 | | | | | | | |
| 6 | Cleaning Worker | 0 | 31 | 1400 | 52237 | | | | | | | |
| 7 | Building Cleaning Worker | 10 | 22 | 1400 | 52237 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ता: २०८१ असार २६ र २७ गते (10 & 11 July 2025) मेनपावर कार्यालयमा हुनेछ ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: नि:शुल्क

**तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.**
बसुन्धारा, काठमाडौं, नेपाल, फोन नं.: ४९६५०७५, ४९५६५७५, श्रम इजाजत पत्र नं.: १५०९/०७४/७५

मध्यान्ह
www.madhyanhadaily.com
१९ असार २०८२ बिहीबार
3 July 2025, Thursday

## सम्पादकीय

# स्थानीय सरकारसँग अपेक्षा

मनसुन सक्रिय भएसँगै देशभर वर्षा भइरहेको छ । यद्यपि वर्षाको प्रकृति एउटै छैन । कतिपय क्षेत्रमा पानी परेको छैन । वर्षायाममा पानी नपर्नु अर्को समस्या हो । विषेशषगरी खडेरीका कारण खेतीपाती चौपट हुन्छ । अन्न उत्पादन नहुनुको बहुआयामिक असर हुन्छ । त्यसैले अहिलेको समयमा वर्षा खुशीकै कुरा पनि हो । तर अधिक वर्षाबाट पुग्ने क्षति पनि उत्तिकै हुन्छ । अझ नेपाल त्यसै पनि प्राकृतिक विपद्हरूको उच्च जोखिममा रहेको देश हो । भौगोलिक बनावट, जलवायु परिवर्तनको असर, अन्धाधुन्ध भौतिक संरचना निर्माण लगायतका कारण बाढी, पहिरो, डुबान जस्ता प्रकोप बर्षेनिको समस्या बनेको छ । प्रकोपका कारण अपूरणीय क्षति पुगिरहेको छ । गत वर्ष दशैंका बेला अत्याधिक वर्षा हुँदा राजधानी उपत्यका आसपासका जिल्लाहरूमा ठूलो क्षति पुगेको थियो ।

त्यसबेला पनि विपद् आएपछि मात्रै उद्धार र राहतमा दौडिने हाम्रो राज्य संयन्त्रको नियति देखिएको थियो । प्रकोपमा फसेका नागरिक उद्धारमा सरकार पूर्णतः हास्यको पात्र बनेको थियो । कस्तोसम्म देखिएको थियो भने गृहमन्त्री रमेश लेखकले सिंहदरबारमा पत्रकार सम्मेलन गरेर मृत्यु भएको भनिएका नागरिकलाई स्थानीय जिवितै उद्धार गरेका थिए । त्यसबेला अमेरिका भ्रमणमा रहेको प्रधानमन्त्री केपी शर्मा ओली काम भन्दा धेरै बोलेर विवादमा परेका थिए । हुनत हरेक विपदको नियत उस्तै बन्दै आएको छ । जबकि आजको विश्वमा 'विपद् पूर्वतयारी र न्यूनीकरण' प्राथमिकताको एजेण्डा हो । नेपालसँग पनि राष्ट्रिय विपद् जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्दै आएको छ । नीतिहरू छन्, तर ती कागजमै सीमित छन् ।

यस्तो बेला संघीय सरकारका संयन्त्रहरू तयारी अवस्थामा रहनु आवश्यक छ । अझ प्रदेश र स्थानीय सरकार विपद् व्यवस्थापनको पहिलो मोर्चा हुन् । तर यी सरकारहरूसँग न त पर्याप्त स्रोत छ, न त दक्ष जनशक्ति । बाढी पूर्वसूचना प्रणाली, सुरक्षित बस्तीको व्यवस्था, पहिरोका उच्च जोखिम क्षेत्रको नक्साङ्कन, खुला स्थानहरूको संरक्षण जस्ता पूर्वतयारीका काममा ध्यान दिनुपर्नेमा, सरकार अझै पनि 'विपद् आएपछि के गर्ने' भन्नेमा देखिन्छन् । जबकि सरकारले 'विपद् पूर्व तयारी खर्च होइन, दायित्व हो' भन्ने बुझ्नुपर्छ । जनधनको रक्षा गर्नु सरकारको पहिलो दायित्व हो । विशेषगरी यो दायित्व स्थानीय सरकारले लिनु पर्छ । किनकि जनताको आँगनमा रहेको सवभन्दा नजिकको सरकार नै स्थानीय सरकार हो ।

# अमेरिकी दुस्साहस र मध्यपूर्वको फेरिँदो नक्सा

*साम्राज्यवाद, पुँजीवाद र धर्म-राजनीतिक गठबन्धनहरूले सधैं मानव सभ्यतामा हिंसा, युद्ध र असमानता बोकेका छन् । यिनै संरचनाहरूको सामुन्ने आज फेरि एउटा राष्ट्र उभिएको छ- इरान...*

अग्रलेख



● राजन तिमिल्सिना

इरान र अमेरिकी-इजरायली गठबन्धनबिचको द्वन्द्व कुनै आकस्मिक घटना होइन, यो दशकौं पुरानो ऐतिहासिक विगतको निरन्तरता हो । सन् १९५३ मा सीआईएले इरानका निर्वाचित प्रधानमन्त्री मोहम्मद मोसद्देकलाई सत्ताबाट हटाएर शाह रेजा पहलेवीलाई पुनः गद्दीमा राखेपछि, इरानी जनमानसमा साम्राज्यवादी हस्तक्षेपको विरुद्ध गहिरो असन्तोष अंकित भयो । त्यसपछि सन् १९७९ मा इस्लामिक क्रान्तिपछि जब इरानमा अमेरिका-समर्थित शाह शासन ढल्यो, अमेरिका र इजरायलका लागि त्यो 'पश्चिमी प्रभुत्वमाथिको ठूलो धक्का' साबित भयो ।

यही घटनापछि इरानमाथि विविध प्रतिबन्ध, आर्थिक नाकाबन्दी, गुप्त अपरेसन, र वैज्ञानिकहरूको हत्या हुँदै आए । इजरायलले बारम्बार इरानको आणविक अनुसन्धानलाई 'खतरा'को संज्ञा दिँदै अन्तर्राष्ट्रिय सहयोगको आडमा आक्रामक रणनीति अपनायो । तर, इरानले आफूलाई सधैं सम्प्रभु राष्ट्रको रूपमा परिभाषित गर्‍यो- न झुक्ने, न बिक्ने । यो लामो संघर्ष विचार र स्वार्थबिचको हो- एकातिर साम्राज्यवादी सत्ता संरचना र अर्कोतिर आत्मनिर्भरता, प्रतिरोध र न्यायप्रतिको आस्था । अहिले भइरहेको आक्रमण त्यही पुरानो संघर्षको पुनरावृत्ति हो- तर यो पटक संसार अलिक फरक छ ।

साम्राज्यवाद, पुँजीवाद र धर्म-राजनीतिक गठबन्धनहरूले सधैं मानव सभ्यतामा हिंसा, युद्ध र असमानता बोकेका छन् । यिनै संरचनाहरूको सामुन्ने आज फेरि एउटा राष्ट्र उभिएको छ- इरान । जसले केवल सैन्यरूपमा होइन, वैचारिक र सांस्कृतिक रूपमा पनि पश्चिमी साम्राज्यका विरुद्ध आफ्नो प्रतिरोधको झन्डा फहराएको छ ।

सन् २०२५ को १३ जुनबाट अमेरिकी-इजरायली गठबन्धनले इरानमाथि गरिएका आक्रमणहरू कुनै सैन्य अभ्यास मात्र थिएनन्, ती साम्राज्यवादी शक्ति सन्तुलनलाई पुनर्स्थापित गर्न गरिएको रणनीतिक प्रयास थिए । फोर्दो, नातान्ज र इस्फहानका आणविक केन्द्रहरूमा लक्षित हवाई बमबारी, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको युद्धोन्मुख भाषणहरू अनि पश्चिमा मिडियाले निर्माण गरेको 'इरान खतरनाक छ' भन्ने भ्रम, यी सबैले एउटै कुरा संकेत गर्छ- पुँजीवादी साम्राज्यको नियन्त्रणबाट बाहिर निस्किन खोज्ने हरेक राष्ट्रलाई तह लगाउने योजना ।

तर, यथार्थ फरक छ । इरानले प्रतिरोध गर्‍यो- न केवल मिसाइल मार्फत, जनआन्दोलनमार्फत पनि । राजधानी तेहरानदेखि होरमोजगानसम्म, युवा, वृद्ध, महिला, श्रमिक, बुद्धिजीवी, धार्मिक र धर्मनिरपेक्ष-सबै सडकमा उत्रिए । यो केवल राष्ट्रवाद थिएन, यो स्वतन्त्रताको रक्षाका लागि उठेको वर्गीय क्रान्ति थियो । हामीले बुझ्नुपर्छ, यो टकराव अब केवल इरान र अमेरिका-इजरायल होइन, यो टकराव हो नयाँ विश्व व्यवस्थाको संघर्ष, जहाँ साम्राज्य-केन्द्रित ध्रुवीकरण विरुद्ध जन-केन्द्रित प्रतिरोध उठेको छ ।

आज जब पुँजीवादी साम्राज्यवादले संसारलाई आफू अनुकूल ढाल्ने दुस्साहस गरिरहेको छ, त्यही बेला एउटा सार्वभौम राष्ट्रले साहसपूर्वक घोषणा गरेको छ -हामी झुक्दैनौँ । इरानको त्यो घोषणा केवल भाषिक नारा थिएन, त्यो थियो आत्मरक्षा, चेतावनी र वैचारिक विद्रोहको सामूहिक स्वर थियो । अमेरिकी-इजरायली गठबन्धनले छेडेको 'अपरेसन मिडनाइट ह्यामर' कुनै सैन्य अभ्यास मात्र थिएन, त्यो थियो, पश्चिमी शक्तिको ऐतिहासिक अहंकारको पुनरावृत्ति । फोर्दो, नातान्ज र इस्फहानमाथि गरिएको आक्रमणले एउटा कुरा स्पष्ट गर्‍यो - पश्चिमले अन्तर्राष्ट्रिय कानुनको तोडमोड गरेर पनि आफूलाई नै न्यायको मालिक सम्झन्छ ।

तर, यो पटक खेल एकपक्षीय रहेन । इरानले आफ्नै ढंगमा जवाफ दियो, 'अपरेसन ग्ल्याड टिडिंग्स अफ विक्ट्री' मार्फत । कतारस्थित अल-उदीद अमेरिकी सैन्य अखडामाथिको यो आक्रमण सटीक, सावधानीपूर्ण



र सन्देशमूलक थियो । न नागरिकको मृत्यु, न सर्वसाधारणमा त्रास । इरानको यो आत्मरक्षा केवल हवाई प्रहार थिएन, यो थियो राजनीतिक चेतना र रणनीतिक सुझबुझको अनौठो मिश्रण । यो भिडन्तमा उल्लेखनीय पक्ष हो- चीन र रुसको प्रस्ट ऐक्यबद्धता । चीनले यस आक्रमणलाई 'क्षेत्रीय अस्थिरता सिर्जना गर्ने दुस्साहस' भन्दै भर्त्सना गरेको छ । रूसले यसलाई 'साम्राज्यवादी आक्रमण' भन्दै इरानको आत्मरक्षालाई जायज ठहर गरेको छ । यी दुवै देशले संयुक्त राष्ट्रसंघको विशेष आपतकालीन सत्र माग गरेका छन्, जहाँ युद्धको रोकथाम, प्रतिरक्षा अधिकार र अमेरिकी-इजरायली जिम्मेवारीको माग उठाइएको छ । यो कूटनीतिक मोर्चामा इरानका लागि मात्र होइन, विश्व जनसमुदायका लागि पनि एक महत्वपूर्ण मोड हो, जहाँ ध्रुवीकरण-विरोधी र प्रतिरोधी राष्ट्रहरूको नयाँ मोर्चा खडा हुँदै छ ।

यो आक्रमण पश्चिमी शक्तिको निष्ठुरता, दोहोरो मापदण्ड र साम्राज्यवादी नियतको प्रत्यक्ष प्रतीक हो । अमेरिकाले आफ्ना हजारौं आणविक हतियारलाई संरक्षण गर्न खोज्छ, तर इरानको ऊर्जा अनुसन्धानलाई 'खतरा'को नाममा ध्वस्त गर्न खोज्छ । यस दोहोरो चरित्रले विश्वसामु पश्चिमी अख्तियारहरूको असल अनुहार प्रकट गरिदिएको छ । इरानमाथिको इजरायल-अमेरिकी आक्रमणले केवल सैन्य प्रतिक्रिया मात्र निम्त्याएन, यसले जनताको विवेक, स्वतन्त्रताको चेतना र साम्राज्यवादविरुद्धको क्रान्तिकारी भावनालाई पनि जागृत गर्‍यो । यो प्रतिक्रियाको तरङ्ग केवल तेहरानको सीमाभित्र सीमित रहेन, यसले एसिया, अफ्रिका, युरोप र अमेरिका हुँदै विश्वव्यापी जनमतलाई इरानको पक्षमा उभिन बाध्य बनायो ।

काठमाडौं, पोखरा, विराटनगर, भैरहवालगायत सहरहरूमा विद्यार्थी, बुद्धिजीवी, मानवअधिकारकर्मी, वामपन्थी कार्यकर्ता तथा स्वतन्त्र युवाहरूले इरानको आत्म रक्षात्मक कारवाहीको समर्थन गर्दै र्‍याली, मैनबत्ती जुलुस र शान्तिपूर्ण विरोध कार्यक्रम आयोजना गरेका थिए । 'साम्राज्यवाद मुर्दावाद', 'इरानसँग ऐक्यबद्धता' जस्ता नारा लेखिएका ब्यानरहरू बोकेर युवाहरू सडकमा ओर्लिए । यो केवल समर्थन थिएन, यो साम्राज्यवादविरुद्धको आत्म चेतनाको अभिव्यक्ति थियो । ब्रिटेनको लन्डन, जर्मनीको बर्लिन, फ्रान्सको पेरिस र नर्वे, नेदरल्यान्ड्सलगायत देशहरूमा आप्रवासी समुदाय, शान्तिवादी संघसंस्था र राजनीतिक कार्यकर्ताहरूले विरोध प्रदर्शन गर्दै अन्तर्राष्ट्रिय मानव अधिकार संस्थाहरूलाई इजरायल-अमेरिकाविरुद्ध कारबाहीको माग गरेका थिए ।

यी प्रदर्शनहरू केवल समर्थनका क्रियाकलाप थिएनन्, यी थिए


> *आज एकातिर पुँजीवादी साम्राज्यवादले संसारलाई आफू अनुकूल ढाल्ने दुस्साहस गरिरहेको छ भने अर्कोतिर एउटा सार्वभौम राष्ट्रले साहसपूर्वक घोषणा गरेको छ -हामी झुक्दैनौँ । इरानको त्यो घोषणा केवल भाषिक नारा मात्रै थिएन, त्यो थियो आत्मरक्षा, चेतावनी र वैचारिक विद्रोहको सामूहिक स्वर...*

भविष्यको नयाँ शक्ति सन्तुलन निर्माणतर्फको संकेत । आज जब पश्चिमी सभ्यता आफ्नै स्वार्थ, पाखण्ड र नाफामुखी दृष्टिकोणमा जकडिएको छ, तब पूर्वका राष्ट्रहरूले - सांस्कृतिक, राजनीतिक र आध्यात्मिक दृष्टिले वैकल्पिक विश्व दृष्टिकोण प्रस्तुत गर्न थालेका छन् । इरानमाथिको आक्रमण, त्यसको विवेकपूर्ण प्रतिउत्तर, चीन-रुसको समर्थन र विश्वव्यापी जनप्रतिक्रियाले एक कुरा स्पष्ट गरेको छ, साम्राज्यवाद अब निर्विवाद छैन । नयाँ इतिहास फेरि लेखिँदै छ । सन् २०२५ को यो ऐतिहासिक मोडमा इरानमाथिको अमेरिकी-इजरायली आक्रमण केवल युद्धको एउटा घटना होइन, यो साम्राज्यवादविरुद्धको नयाँ युगको उद्घोष हो । जब बमहरू झर्दै थिए, त्यही समय लाखौं जनताहरू संसारभर उठ्दै थिए- हातमा ब्यानर, मुटुमा प्रतिरोधको आगो र चेतनाको ज्योति लिएर ।

यतिबेला नाटकीय रूपमा अमेरिकाले युद्ध बिराम घोषणा गरेको छ । सँगै, धम्की पनि दिइरहेको छ- युद्ध बिराम गरेनौ भने विनाश हुन्छौ । आफैँले युद्धका सबै नियम उल्लंघन गर्दै आफैँले युद्ध बिरामको घोषणा किन गर्‍यो ? स्पष्ट छ, अमेरिका नाफामा काम गर्छ । उसले घाटा देखेपछि 'ब्याक' भयो । एकातिर विश्व शक्ति सन्तुलन उसको प्रतिकुल हुन पुग्यो भने अर्कोतिर युद्धको क्षति सबैभन्दा बढी आफैँलाई पर्ने स्थिति बन्यो । अफगानिस्तानबाट फिर्ता भएको उदाहरण पनि विश्वले देखेकै छ । अहिले इरानबाट फिर्ता भएको अमेरिका, फेरि दुस्साहसमा नउत्रिएला भन्ने अनुमान गर्न सक्छौं । किनकि अबका कदम उसैका निम्ति फाइदाजनक हुनेछैन ।

## इतिहासमा आज

३ जुलाई १९८८ मा संयुक्त राज्य अमेरिकाको नौसेना युद्धपोत युएसएस भिन्सेन्सले पर्सियन खाडीमाथि इरान एयर फ्लाइट ६५५ लाई गोली हानेर खसालेको थियो । जसमा सवार सबै २९० जनाको मृत्यु भएको थियो ।



The Washi
Navy Missile Downs Ira
Iran Says 290 Are Dead

३ जुलाई १९८८ मा टर्कीको इस्तानबुलमा रहेको फातिह सुल्तान मेहमेट पुलको निर्माण पूरा भएको थियो । जसले युरोप र एसिया महादेशहरू बीच सम्पर्क स्थापित गराएको थियो ।



३ जुलाई २०१३ मा इजिप्टका राष्ट्रपति मोहम्मद मोर्सीलाई देशभर ४ दिनसम्म भएको विरोध प्रदर्शनपछि सेनाले पदबाट हटाएको थियो । मोर्सीलाई बर्खास्त गरिएपछि सर्वोच्च संवैधानिक अदालतका अध्यक्ष, अदली मन्सुरलाई कार्यवाहक राष्ट्रपति घोषित गरिएको थियो ।



३ जुलाई १९७९ मा अमेरिकी राष्ट्रपति जिमी कार्टरले काबुलमा सोभियत समर्थक शासनका विरोधीहरूलाई गोप्य सहयोगको लागि पहिलो निर्देशनमा हस्ताक्षर गरेका थिए ।



# गाउँ खाली गराएर विकास !

विचार



● शम्भू पनेरू

> *विकास भनेको बाटो खनेर जनतालाई विस्थापन गर्नु होइन, जनतासँगै बसेर उही ठाउँमा समृद्धिको बाटो खन्नु हो । विकास भनेको जनतालाई उन्मूलन होइन, उनको जीवनमा उत्सव ल्याउने प्रक्रिया हो । गाउँ नै उठाइएर गरिने कुनै पनि विकास अस्थायी हुन्छ, असन्तुलित हुन्छ र अन्ततः अन्यायपूर्ण पनि हुन्छ...*

विकास भन्नासाथ मानिसको मनमा सडक, भवन, अस्पताल, विद्युत्, शिक्षा, रोजगारी, प्रविधि, उद्योग, व्यापारजस्ता पक्षहरू आउँछन् । तर, विकासको आधार मानिने यी सबै कुरा आखिर कसको लागि त ? जनताकै लागि हो, होइन ? तर, विकासका नाममा अहिले भइरहेका अभ्यास हेर्दा जनतालाई हटाएर विकासको कुरा गरिन्छ । विशेषतः नेपालजस्ता मुलुकमा पछिल्लो समय विकास भन्ने शब्द स्वयं विस्थापनको पर्याय बन्दै गएको छ । सडक विस्तार, जलविद्युत् आयोजना, संरचनागत निर्माणका नाममा गाउँ खाली गराउने, जनजीवन उथलपुथल बनाउने अभ्यासलाई विकास भनिँदैछ । यस्तो प्रवृत्तिले जनताको हित होइन, सत्ताको घमण्ड र योजनामाथिको अविवेकी सोच मात्र प्रकट गर्छ ।

नेपालको सन्दर्भमा हेर्दा, 'विकास'का नाममा सयौं गाउँ विस्थापित भएका छन् । जलविद्युत् परियोजनाले होस् वा ठूला पूर्वाधार आयोजनाले, जनतालाई आफ्नै भूमि र थलोबाट विस्थापित बनाउने काम भइरहेकै छ । कतिपय अवस्थामा त विस्थापित भएकाहरूको पुनर्स्थापना र क्षतिपूर्ति पनि हुँदैन । कुनै परिवारले पुस्तौंदेखि बसेको घर, खेत, खोलो, जंगल, सामुदायिक संरचना एकै दिनमा नष्ट हुन्छ । न त मानिसको भावनाको कदर गरिन्छ, न त उनीहरूको संस्कृति र जीवनशैलीको । एउटा पहाडी गाउँ खाली गरिन्छ, त्यो ठाउँमा बाँध बनाइन्छ, खोलोको पानी थुनेर बिजुली उत्पादन गरिन्छ । तर, त्यही गाउँका बासिन्दाले न त सस्तो बिजुली पाउँछन्, न त उनीहरूका छोराछोरीले रोजगारी । तिनको जीवन उजाडिन्छ र विकासको नाममा त्यो उजाडिएको भूमि राष्ट्रिय गौरवको प्रतीक भनिन्छ ।

विकासका नाममा गाउँ खाली गराउने काम योजनाबद्ध होइन, सत्ताकेन्द्रित देखिन्छ । सहरको आवश्यकता, केन्द्रको नीति, लगानीकर्ताको चाहना र प्रशासनिक निर्णयले गाउँका जनतालाई स्थानान्तरण गर्न बाध्य बनाइन्छ । जनताको सल्लाह, सन्दर्भ र अनुभव बेवास्ता गरिन्छ । सरकारको कागजमा 'सहभागिता' र 'समावेशिता' भनेर लेखिए पनि व्यवहारमा राज्य आफैं जनता बिनाको विकास गर्न लालायित छ । विकास भनेको जनतालाई सशक्त बनाउने, उनीहरूलाई सहज बनाउने प्रक्रिया हो । तर यहाँ जनता नै उठाइन्छन् । विकासको नाममा गाउँ उजाडिँदा न जागिर पाउँछन्, न सेवा सुविधा । बाँकी बन्छ- पीडा, विस्थापन र बेगानापन ।

अर्को महत्वपूर्ण प्रश्न हो- गाउँको खालीपनले अर्थतन्त्रमा पार्ने असर । कृषि, पशुपालन, वन व्यवस्थापन, स्थानीय उत्पादन, सामाजिक सम्बन्ध र समृद्धि सबै गाउँसँग जोडिएको हुन्छ । गाउँ नै खाली गराएर शहरमा कंक्रिटका संरचना बनाउन खोज्ने सोचको दीर्घकालीन असर भयावह हुन्छ । अहिले नेपालका गाउँहरू खाली हुँदै गएका छन् । युवाहरू वैदेशिक रोजगारीमा गएका छन्, बुढापाकालाई विस्थापनको सास्ती छ । गाउँमा न खेत जोत्न मान्छे छन्, न त विद्यालयमा विद्यार्थी । यस्तो अवस्थामा विकासको नाममा गरिने विस्थापनले कृषि प्रणाली ध्वस्त हुन्छ, खाद्य सुरक्षामा संकट पर्छ, र आत्मनिर्भरताको सपना ध्वस्त हुन्छ ।

विकास भनेको स्थानान्तरण होइन, सन्तुलन हो । तर, यहाँ विकासलाई केन्द्रीयकरण, बृहतकरण र बहिष्करणको रूप दिइएको छ । सहरकेन्द्रित विकास अवधारणाले गाउँलाई सधैं दोस्रो दर्जाको रुपमा व्यवहार गर्छ । त्यो मानसिकता बदलिनु आवश्यक छ । गाउँका लागि सहर बन्नु पर्ने होइन, सहरले गाउँसँग सहकार्य गर्नुपर्छ । सहरी पूर्वाधार गाउँमै विस्तार गर्नु जरुरी छ, जनशक्ति गाउँमै उत्पादन र परिचालन गर्नुपर्छ । गाउँमा पूर्वाधार पुगेन भने सहरको निर्माण पनि सन्तुलित हुँदैन । यस अर्थमा, विकासको सही अवधारणा भनेको गाउँमै सहरको अनुभूति गराउने हो, न कि गाउँ नै उठाएर सहर बनाउने ।

वास्तविक विकास त्यही हो, जहाँ मानिसको जीवन सहज हुन्छ, उनीहरूको बसोबासको सुरक्षा हुन्छ, संस्कृति, भाषा, परम्परा, रोजगारी, शिक्षा, स्वास्थ्यजस्ता आधारभूत पक्षहरूलाई स्थान दिइन्छ । विकासले मानिसलाई विस्थापित बनाएर होइन, उनीहरूलाई सशक्त बनाएर अघि बढ्नुपर्छ । नेपालजस्तो कृषि प्रधान देशमा गाउँलाई उजाडेर कंक्रिटको भरमा समृद्धि खोज्नु भ्रम हो । स्थानीयता, जैविक विविधता, सामाजिक ऐक्यबद्धता र आत्मनिर्भर उत्पादन प्रणाली नै दीर्घकालीन विकासको आधार हुन् । ती सबै कुरा गाउँमा बस्ने मान्छेसँग जोडिएका छन् ।


त्यसैले प्रश्न उठ्छ- गाउँ खाली गराएर कसरी हुन्छ विकास ? उत्तर स्पष्ट छ- हुँदैन । विकास भनेको बाटो खनेर जनतालाई विस्थापन गर्नु होइन, जनतासँगै बसेर उही ठाउँमा समृद्धिको बाटो खन्नु हो । विकास भनेको जनतालाई उन्मूलन होइन, उनको जीवनमा उत्सव ल्याउने प्रक्रिया हो । गाउँ नै उठाइएर गरिने कुनै पनि विकास अस्थायी हुन्छ, असन्तुलित हुन्छ र अन्ततः अन्यायपूर्ण पनि हुन्छ । विकासको नाममा गाउँ हटाउने परिपाटी अब बन्द हुनुपर्छ । गाउँ बचाएर, जनतालाई सशक्त बनाउँदै, प्रकृति र संस्कृतिको सम्मान गर्दै मात्र नेपालको भविष्य सुरक्षित रहन सक्छ ।

## सामाजिक सञ्जाल




**डम्बर खतिवडा**

निर्वाचित संसदलाई छलेर वा झुक्याएर अध्याँरो कोठामा बस्ने वा भूमिगत गिरोहले बनाएको कानुन नागरिकले मान्नपर्छ भन्ने छैन र त्यो लागू हुन सक्दैन । संसदीय समिति, संसदलाई समेत छल्ने कपटको आँट ओली-देउवाकै सहमतिमा कुनै प्यादाले गरेको हुनुपर्छ । यो घटनालाई किमार्थ सामान्य लिइनु हुँदैन ।



**लेखनाथ पाण्डे**

राजनीति र ब्यूरोक्रेसीको लगनगाँठो कति कसिलो छ, अनि तिनले आमनागरिकलाई मात्र होइन, 'इन्टेलिजेन्सिया'लाई समेत कतिसम्म बेबकुफ बनाउन सक्छन् भन्ने बुझ्न निजामति विधेयकमा 'कुलिङ पिरियड'बारे गरिएका खेल र झेल हेर्दा काफी हुन्छ । बिडम्वना, तिनैलाई राष्ट्र सेवक मानिदिनुपर्ने अवस्था छ ।



**चन्द्र भण्डारी**

संसदमा सांसदलाई समेत ढाँट्ने छल्ने र किर्ते गर्ने गरे पछि ! स्वार्थका लागि यो मुलुक कति ठगिएको होला कहाँबाट गल्ती भएको छ ? यो अक्षम्य ठुलो अपराधको कारवाही इतिहास बन्ने गरी गर्नुपर्दछ । कति ठुलो छलछाम ! के-के देख्नु, सुन्नु र भोग्नु पर्ने हो ? योभन्दा ठुलो लज्जा पनि केही हुँदैन !



**प्रशान्त अर्याल**

श्रद्धेय माननीयज्युहरू, यहाँहरूलाई चुनेर पठाएको कानून बनाउनै हो । गफगाफ, भाषणभीषण, छेडछाड त तपसिलका कुरा हुन् । निजामती विधेयक नपढेरै पारित गर्नुभएको हो भने लज्जाजनक छ । अरूलाई प्रश्न गर्ने हैसियत यहाँहरूले गुमाउनु भएको छ । जालझेल गर्नु भएको हो भने त त्यो झन् अपराध हो, अक्ष्यम्य छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# 'ग्रे लिस्ट'बाट बाहिर निस्कन सुनचाँदीमा विलासिता कर

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ असार ।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपाल अहिले सम्पत्ति शुद्धीकरण मामिलामा वित्तीय कारबाही कार्यदल (फाइनान्सियल एक्सन टाक्सफोर्स-एफएटिएफ) को खैरो सूची (ग्रे लिस्ट)मा रहेको र मुलुकलाई सघन निगरानी सूचीबाट हटाउन सुनचाँदीलगायतका गरगहनामा विलासिता कर लगाउनु परेको बताएका छन् ।



विनियोजन विधेयक, २०८२ माथि राष्ट्रियसभामा उठेका प्रश्नहरूको जवाफ दिने क्रममा अर्थमन्त्री पौडेलले नेपाललाई 'ग्रे लिस्ट' बाट बाहिर निकाल्न सुनचाँदी तथा गरगहना खरिद-बिक्रीको कारोबारलाई पारदर्शी बनाउन आवश्यक रहेको बताएका हुन् । आगामी आर्थिक वर्षको बजेटमार्फत् सरकारले सबै प्रकारका गरगहना र सुनचाँदी खरिदमा विलासिता कर लगाउने निर्णय गरेको थियो ।

'पहिले पनि १० लाखभन्दा माथिको कारोबारमा दुई प्रतिशत विलासिता कर लाग्दै आएको थियो, अहिले त्यसमा लगाइएको सीमा (थ्रेसहोल्ड) हटाइएको मात्र हो', उनले भने, 'हामी सम्पत्ति शुद्धीकरण मामिलामा एफएटिएफको सघन निगरानी सूचीबाट बाहिर निस्कनका लागि सुनको कारोबार पारदर्शी बनाउन आवश्यक थियो, सुनलगायतका वस्तुको कारोबारमा शुद्धता होस् र सम्पत्ति शुद्धीकरणको रकम त्यहाँ लगानी नहोस् भनेर विसासिता शुल्क लगाइएको हो ।'

विलासिता करका विषयमा सुनचाँदी व्यवसायीहरुले विरोध जनाइरहेकोमा उनीहरूसँग छलफल भइरहेको र चाँडै सार्थक निष्कर्ष निस्कने विश्वास पनि उनले व्यक्त गरे ।

तर, सुनचाँदी व्यवसायीले भने सरकारले सुनचाँदीमा लगाएको बिलासिता कर, भ्याट र भन्सारको विरोध गरेका छन् । नेपाल सुनचाँदी कला व्यवसायी संघ, काठमाडौं सुनचाँदी व्यवसायी संघ, नेपाल सुनचाँदी व्यवसायी तथा कालीगढ संघर्ष समिति लगतायतले सुनमा लगाइएको दुई प्रतिशत विलासिता कर खारेजीको माग गर्दै आएका छन् ।

सुनमा लगाइएको दुई प्रतिशत विलासिता कर र हिरा पत्थरमा लगाइएको १३ प्रतिशत भ्याट खारेज गर्न उनीहरूको माग छ । विलासिलता कर र रत्न आभुषणमा लगाइएको भ्याट खारेज नभएसम्म आन्दोलन जारी राख्ने व्यवसायीहरूको भनाइ छ । साथै, सरकारले सुनचाँदीमा विलाशिलता कर धेरै लगाइँदा ग्राहकलाई समेत ठूलो मार पर्ने उनीहरूले बताएका छन् ।

# वैदेशिक सहयोगको विरोध गर्नु गलत मनोविज्ञान हो : पूर्वअर्थमन्त्री आचार्य

**काठमाडौं/मस–** नेपाली कांग्रेसका नेता तथा पूर्व अर्थमन्त्री महेश आचार्यले वैदेशिक सहयोग बिना देशको तीव्र विकास सम्भव नहुने बताएका छन् । उनले भने, 'आन्तरिक स्रोतले मात्रै तीव्र विकासका लागि आवश्यक पर्ने रकम नपुग्ने भएकाले वैदेशिक सहयोग तथा अनुदान लिएर विकास गर्नुपर्ने आवश्यकता छ ।'



वैदेशिक सहयोग नलिने भनाइ सुन्दा राम्रो लागे पनि हालको विश्व परिवेशमा त्यो व्यवहारिक र वुद्धिमत्तापूर्ण नहुने तर्क उनले गरे । 'लोकतन्त्रका लागि ऐक्यबद्धता नेपाल'द्वारा काठमाडौंमा आयोजित कार्यक्रममा बोल्दै नेता आचार्यले विगतमा वैदेशिक सहयोग तथा अनुदानको विरोधकै कारण देश पछाडि परेको दाबी गरे । पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका पूर्व सभापति गिरिजाप्रसाद कोइरालाको जन्मजयन्तीको अवसरमा आयोजित सो कार्यक्रममा उनले कोइरालाको नेतृत्वमा नेपालको अर्थतन्त्रले नयाँ दिशा पाएको उल्लेख गरे ।

उनले भने, 'गिरिजाबाबुको पालामा हामीले निजी क्षेत्रलाई थप जिम्मेवारी दियौं, र सरकारले अत्यावश्यक सेवा तथा नियमनको भूमिकामा केन्द्रित भयो। अहिले सबै दलहरूले यही नीति अनुसरण गरिरहेका छन् ।' पूर्वप्रधानमन्त्री कोइरालाको संगठन निर्माणमा रहेको लगाव र जनतासँगको अटुट सम्बन्ध अझै पनि अनुकरणीय भएको स्मरण गर्दै आचार्यले थपे, 'नेतामा संगठनात्मक क्षमता चाहिन्छ, सिद्धान्त चाहिन्छ, गिरिजाबाबुसँग दुवै थियो ।'

उनले कांग्रेस केवल चुनाव जित्ने होइन, मुलुकको आर्थिक रूपान्तरण गर्ने पार्टी हो भन्ने धारणा प्रस्तुत गर्दै निजी क्षेत्रको लगानीलाई फराकिलो बनाउने र अर्थतन्त्रमा आमूल परिवर्तन ल्याउने कोइरालाको नेतृत्वको सम्झना गर्नुपर्नेमा जोड दिए । पार्टी सरकारमा रहेको बेला जनताको मन जित्ने गरी राम्रो काम गर्नुपर्नेमा उनले जोड दिँदै पार्टीकै एउटा समूह भने विरोधमै केन्द्रित रहेकोप्रति असन्तुष्टि व्यक्त गरे ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष विष्णु निष्ठुरीले कांग्रेसभित्रको वैचारिक विचलनप्रति टिप्पणी गर्दै भने, 'कांग्रेस ज्ञानभन्दा धनमा केन्द्रित हुँदै गएको छ ।' उनले धनमा केन्द्रित हुँदा पार्टीभित्र विचार, ज्ञान र सिद्धान्त ओझेलमा परिरहेकोप्रति चिन्ता व्यक्त गरे ।

# चेम्बर र मलेसिया–नेपाल बिजनेस काउन्सिलबीच छलफल

**काठमाडौं/मस –** नेपाल भ्रमणमा आएको मलेसिया-नेपाल बिजनेस काउन्सिलले व्यापार सहजीकरण एवं लगानी अभिवृद्धिबारे नेपाल चेम्बर अफ कमर्ससँग छलफल गरेको छ । चेम्बर भवनमा आयोजित कार्यक्रममा अध्यक्ष कमलेशकुमार अग्रवाल सहितको पदाधिकारी टोली र काउन्सिलको प्रतिनिधिमण्डलबीच द्विपक्षीय आर्थिक सम्बन्ध, रोजगारी अभिवृद्धि, थप लगानी विस्तार लगायत विषयमा सहकार्य गर्नेबारे छलफल भएको हो ।



मलेसिया-नेपाल बिजनेस काउन्सिल अध्यक्ष प्रदीपकुमार कुकरेजा सहितको टोलीले नेपाल भ्रमण क्रममा चेम्बर पदाधिकारी समक्ष दुई पक्षीय लगानी तथा व्यापार साझेदारीबारे प्रस्ताव राखेका थिए । चेम्बर अध्यक्ष अग्रवालले नेपाल र मलेसियाबीच कूटनीतिक सम्बन्ध ६५ वर्षभन्दा पुरानो रहेको स्मरण गर्दै व्यापार, लगानी अभिवृद्धि तथा रोजगारीका दृष्टिकोणले समेत उत्कृष्ट रहेको बताए । नेपालबाट मलेसियामा ५ लाखभन्दा बढी युवाले रोजगारी पाइरहेको र दुई मलुकबीच सबैभन्दा धेरै हवाई सम्पर्क विस्तार भइरहेको अध्यक्ष अग्रवालले बताए । नेपाली युवा जनशक्तिले दुवै देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान गरेको अध्यक्ष अग्रवालले बताए ।

# स्वावलम्बन लघुवित्तद्वारा अन्तरक्रिया कार्यक्रम सम्पन्न

**काठमाडौं/मस –** स्वावलम्बन लघुवित्त वित्तीय संस्थाले वातावरणमैत्री गाउँ निर्माण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । बुढानीलकण्ठ नगरपालिकास्थित डाँडागाउँ बस्तीलाई वातावरणमैत्री स्वावलम्बन गाउँ निर्माण गर्ने उद्देश्यले गत शनिवार सरोकारवालाहरूसँग अन्तरक्रिया गरिएको हो ।



कार्बन उत्सर्जन न्यूनीकरण, फोहोर व्यवस्थापन र वृक्षारोपण गरी स्वच्छ वातावरण निर्माण गर्ने, उद्यमशीलता विकास गरी आयआर्जन वृद्धि तथा बेरोजगारी अन्त्य गर्न त्यहाँका जनता र सरोकारवालाहरूको समन्वयमा वातावरणमैत्री स्वावलम्बन गाउँ निर्माण गर्ने उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको हो ।

उक्त कार्यक्रमको अध्यक्षता बाल विकास समाज आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अनिता तामाङले गरेकी थिइन् । साथै, सो कार्यक्रममा प्रमुख अतिथि बुढानीलकण्ठ नगरपालिकाका नगर प्रमुख मिठाराम अधिकारी र विशिष्ट अतिथिको रूपमा नगर उपप्रमुख अनिता लामाको उपस्थिति रहेको छ ।

कार्यक्रममा केन्द्रीय कार्यालय उद्यमशीलता, ग्राहक संरक्षण तथा अनुसन्धान विभागका प्रबन्धक सुमन श्रेष्ठले वातावरण मैत्री स्वावलम्बन गाउँ निर्माणको अवधारणा सम्बन्धी प्रस्तुतीकरण गरेका थिए । नगरप्रमुख मिठाराम अधिकारीले समाजको र समुदायको हित हुने यस प्रकारका पवित्र कार्यमा नगरपालिका आवश्यक सहयोग र समन्वय गर्न तत्पर रहेको बताए ।

# केटिएम हस्पिटालिटीले आईपीओ निष्काशन गर्ने



**काठमाडौं/मस –** केटिएम ग्रुप होल्डिङ्गस अन्तर्गतको केटिएम हस्पिटालिटी लिमिटेडले आईपीओ निष्काशन गर्ने भएको छ । ४५ करोड चुक्ता पुँजी रहेको केटिएम हस्पिटालिटले १२ करोड ५० लाख रकम बराबरले हुन आउने एक सय रुपैयाँका दरले १२ लाख ५० हजार कित्ता प्राथमिक शेयर निष्काशन गर्न गर्ने भएको हो ।

कम्पनीले आईपीओ निष्काशनका लागि आरवीवी मर्चेन्ट बैंकिङ लिमिटेड तथा केटिएम हस्पिटालिटी लिमिटेड बीच सम्झौता सम्पन्न भएको छ । उक्त विषयमा केटिएम हस्पिटालिटी लिमिटेडको तर्फबाट अध्यक्ष तथा प्रमुख कार्यकारी रामेश्वर शाह र आरविवि मर्चेन्ट बैंकिङ लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत बद्रिप्रसाद प्याकुरेलले हस्ताक्षर गरेका छन् ।

केटिएम हस्पिटालिटी लिमिटेडले फ्रान्सको प्रतिष्ठित अन्तर्राष्ट्रिय लुभ्र होटल्स समूह अन्तर्गतको एक लक्जरी पाँच तारे रिसोर्ट द रोयल ट्युलिप चितवनमा सुरुवात गर्ने तयारीमा रहेको छ ।


## नीति अनुसन्धान प्रतिष्ठान
## Policy Research Institute
**नारायणहिटी, काठमाडौं**

**छपाई कार्यका लागि बोलपत्र आह्वान सम्बन्धी सूचना**

**बोलपत्र नम्बर** : PRI/G/NCB/01-2081-82

**(प्रथम पटक प्रकाशित मितिः २०८२ असार १९ बिहिबार)**

नीति अनुसन्धान प्रतिष्ठानले आ.व. २०८२/८३ भित्र पटक पटक गरी करीब ५० लाख रुपैयाँ (अक्षरेपी पचास लाख मात्र) मूल्य बराबरका बिभिन्न अध्ययन-प्रतिवेदन, बुलेटिन तथा अन्य सामग्रीहरू छपाई गरी प्रकाशन गर्न गइरहेको छ । प्रतिष्ठानले उपलब्ध गराएको छपाई गर्नुपर्ने सामग्रीको नमुना विवरण अनुसार उक्त सामग्रीहरू के कति दरमा उच्च गुणस्तरको अफसेट छपाई गर्न सकिन्छ प्रति पृष्ठ लागत मूल्य खुलाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन (उक्त दिन सार्वजनिक बिदा परेमा बिदापछि कार्यालय खुलेको दिन) दिउसो १२:०० बजेभित्र उल्लिखित मूल्यको २ प्रतिशतले हुन आउने १,००,०००/- (अक्षरेपि एक लाख मात्र) सुरक्षण रकम (बिड सेक्युरिटी) सहित शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबै छपाई सेवा प्रदायक (प्रिन्टिङ्ग प्रेस) हरुका लागि सार्वजनिक आह्वान सहित सूचित गरिन्छ ।

छपाई गर्नुपर्ने प्रतिवेदनहरूको स्पेसिफिकेशन, बोलपत्र तथा सो साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूको सूची तथा यससँग सम्बद्ध अन्य जानकारी प्रतिष्ठानको वेबसाइटःwww.pri.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**नीति अनुसन्धान प्रतिष्ठान**
**नारायणहिटी, काठमाडौं**
**इमेलः** info@pri.gov.np **वेबः** www.pri.gov.np
**फोन नं.:+९७७-१-४५३०५१७/४५३४९७९**



## Tikapur Municipality
## Office of The Municipal Executive
**Tikapur, Kailali**
**Sudurpashchim Province, Nepal**

**Invitation for Sealed Quotation**

**Second Date of Publication: - 3rd July 2025 (19th Ashadh 2082)**

1. **Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali** invites Sealed Quotation from the eligible bidders for the procurement of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number | Name Of Project and Location | Estimated Amount (Without VAT& PS) NRs. | Bid Security Amount NRs. | Cost of Bid Document NRs. |
|---|---|---|---|---|---|
| 1. | TMO/SQ/69/ WORKS/2081/082 | Upgrading of Road from Sitapur School to Gaushala road and Construction of Khopkendra at Tikapur Municipality Ward no-02, Kailali | 1,365,799.37 | 40,000.00 | 1000.00 |

2. Eligible Bidders may obtain further information at **Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali** Or **Telephone NO.:- +977 091-561118, or may visit PPMO e-GP System** www.bolpatra.gov.np/ egp.
3. Interested bidders should submit only E-bid till 18th **July 2025 before 12:00 hrs**. through **PPMO e-GP System** www.bolpatra.gov.np/egp. No any Hardcopy will be entertained.
4. Information to deposit the cost of bid document in Bank (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly):-
   **Name of Bank :- Nepal Bank Ltd., Tikapur, Branch.**
   **Name of Office : - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali**
   **Office Account No.:- 10703000001001000001**
   **Revenue Heading No:- 14229**
5. Information to deposit the **Bid Security Amount** in Bank:-
   **Name of Bank :- Nepal Bank Ltd., Tikapur, Branch..**
   **Name of Office : - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali**.
   **Office Account No.:- 10703000003000000001**
   **Or** Bank Guarantee Issued by Commercial Bank or Financial Institution in the Name of Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali ( Mention Purpose of Deposit Stating Contract Identification Number clearly ).
6. Bid Validity Period shall be 45 days from the date of Bid Opening and Bid Security Validity Period shall be 90 days from the date of Bid Opening.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid will be opened in the presence of Bidder's representatives who choose to attend at **14:00 hrs. on 18th July 2025** at Tikapur Municipality, Office of The Municipal Executive, Tikapur Kailali.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing laws of Nepal.
11. Any amendments on this notice shall be posted on office information board and on office website: www.tikapurmun.gov.np

**Chief Administrative Officer**


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**